# कपिलबस्तु जिल्लाको
# बिभिन्न स्थानमा
# घटेका बिभिन्न प्रकृतिका घटनाको सम्बन्धमा
# गरिएको स्थलगत अध्ययनको
# प्रतिवेदन

# स्थलगत अध्ययन टोली

| | |
|---|---|
| सुरेश कुमार गौतम | यातना पीडित सरोकार केन्द्र ( सिभिक्ट ), नेपाल क्षेत्रीय कार्यालय, नेपालगंज |
| लुमा सिंह विश्वकर्मा | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमान्डौ |
| बसन्त गौतम | एड्भोकेसी फोरम, नेपालगंज |
| राजेश निरौला | नेपाल बार एसोसियसन, मानवअधिकार परियोजना, क्षेत्रीय कार्यालय, नेपालगंज |
| प्रकाश उपाध्याय | हिमराइट्स लाईफलाईन, नेपालगंज |
| नन्दराम पौडेल | ईन्सेक, बर्ष पुस्तक प्रतिनिधि कपिलबस्तु |
| तिलक आचार्य | संचारकर्मी, बुटवल |

# विषय सुचि


| विषय | पृष्ठ |
|---|---|
| पृष्ठभुमी | १ |
| अध्ययन टोली | १ |
| अध्ययनको उद्देश्य | २ |
| अध्ययनको पद्धती | २ |
| घटनाको संक्षिप्त विवरण | २ |
| घटनाको उठान | २ |
| स्थलगत अध्ययनमा पाइएका तथ्यहरु | ३ |
| अध्ययन टोलीले भोग्नु परेका चुनौतीहरु | ४ |
| उल्लंघन भएका अधिकारहरु | ५ |
| कपिलवस्तु जिल्लाको संक्षिप्त परिचय | ६ |
| थुनिया गा. वि. स.को घटना | ६ |
| मानपुर गा.वि.स.को घटना | ११ |
| लबनी गा.वि.स.को घटना | १३ |
| नन्दनगर गा.वि.स.को घटना | १३ |
| पतेरिया गा.वि.स.को घटना | १३ |
| जहदी गा.वि.स.को घटना | १६ |
| बरइपुर गा.वि.स.को घटना | १७ |
| गणेशपुर गा.वि.स.को घटना | १८ |
| मेजर संगको भेट | १८ |
| हल्लानगरको आगजनी | २० |
| कुदरवेटवाको घटना | २२ |
| चनईमा बालिका बलात्कारको घटना | २३ |
| प्र.जि.अ. संगको भेट | २४ |
| नागरिक समाजसंग भेट | २५ |
| आगजनी, लुटपाटको विवरण | २७ |
| प्रतिकार समुहले गरेको हत्याको विवरण | २९ |
| माओवादी समूहले गरेको हत्याको विवरण | ३० |
| स्थलगत अध्ययनबाट पाइएका तथ्यहरु | ३० |
| अध्ययन टोलीले भोगेका चुनौतीहरु | ३१ |
| घटनाबाट उल्लंघन भएका अधिकारहरु | ३२ |
| अनुसुचीहरु | |

## कपिलबस्तु जिल्लाको बिभिन्न स्थानमा घटेका बिभिन्न प्रकृतिका घटनाको सम्बन्धमा मानव अधिकार सन्धी अनुगमन समन्वय समितिले गरेको स्थलगत अध्ययनको प्रतिवेदन

**पृष्ठभूमि :**
नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरेका मानव अधिकारका सन्धीहरुको कार्यान्वयन र बहालीको अनुगमन गर्न बनेको मानवअधिकार सन्धी अनुगमन समन्वय समिति नेपालमा मानव अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको संयुक्त मंच हो । यो बिगत ३ बर्ष देखि यसै उद्देश्य प्राप्तीका लागि सक्रिय रहेको छ । यसै सन्दर्भमा कपिलबस्तु जिल्लाको बिभिन्न स्थानमा घटेका हत्या, बलात्कार, आगजनी र लुटपाट लगायतका बिभिन्न मानव अधिकार उल्लघंन घटना घटेको कुरा बिभिन्न पत्रपत्रिका,संचार माध्यम लगायत स्थानिय मानवअधिकारबादी संघ संस्था बाट जानकारी हुन आएकाले मानवअधिकार सन्धी अनुगमन समितिको तर्फबाट घटनाहरुको सत्य तथ्य पत्ता लगाउनका लागि निम्न बमोजिमका संस्थाबाट तपसिलमा उल्लेखित ब्यक्तिहरुको एक टोली मिति २०६१।११।२२ मा घटनास्थल तर्फ लागेको थियो ।

| | | |
|---|---|---|
| १ | सुरेश कुमार गौतम | यातना पीडित सरोकार केन्द्र ( सिभिक्ट ), नेपाल –क्षेत्रीय कार्यालय, नेपालगंज |
| २ | लुमा सिंह विश्वकर्मा | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमान्डौ |
| ३ | बसन्त गौतम | एड्भोकेसी फोरम, नेपालगंज |
| ४ | राजेश निरौला | नेपाल बार एसोसियसन, मानवअधिकार परियोजना, क्षेत्रीय कार्यालय, नेपालगंज |
| ५ | प्रकाश उपाध्याय | हिमराइट्स लाईफलाईन, नेपालगंज |
| ६ | नन्दराम पौडेल | ईन्सेक, बर्ष पुस्तक प्रतिनिधि कपिलबस्तु |
| ७ | तिलक आचार्य | संचारकर्मी, बुटवल |

**टोलीमा संलग्न स्थानीय सहयोगी**

| | | |
|---|---|---|
| १ | भोजराज खनाल, | हुर्लेस्क, कपिलबस्तु |
| २ | भेषराज पाण्डे, | संचारकर्मी, कपिलबस्तु |
| ३ | ओम प्रकाश अर्याल, | मानव अधिकार संरक्षण मंच, कपिलबस्तु । |
| ४ | नारायण प्रसाद पौडेल, | संचारकर्मी, कपिलवस्तु । |



थुनिया गाविसमा भएको घटनाको तथ्य संकलन गर्दै अध्ययन टोली

**घटनाको स्थलगत अध्ययन अवधि :** २०६१/११/२२ गते देखि २५ गते सम्म

**अध्ययनको उद्देश्य :**

१ कपिलबस्तु जिल्लामा मानव अधिकार उल्लघंनका घटनाहरुको अध्ययन गर्ने ।
२ बिभिन्न स्थानमा घटेको घटनाहरुको स्थलगत अध्ययन गर्ने ।
३ घटनाको सत्य,तथ्य पत्ता लगाउने ।
४. प्राप्त तथ्यका आधारमा प्रतिबेदन तयार गरी पेश गर्ने ।
५ स्थलगत अध्ययनबाट प्राप्त तथ्यहरुका आधारमा मानव अधिकार उल्लघंनका घटनाको रोकथाम र पीडितलाई राहत तथा क्षतिपुर्तिका लागि सरोकारवाला पक्षलाई ध्यानआकर्षण गराउने ।

**घटनाको अध्ययन पद्धती**

१ घटनाको सम्बन्धमा प्रकाशित सामाग्रीहरुको अध्ययन गर्ने ।
२ घटनाको स्थलगत अध्ययन ।
३ घटनाको अवलोकन ।
४ घटनास्थलका प्रत्यक्षदर्शी संगको कुराकानी निजहरुबाट तथ्यको संकलन ।
५ नागरिक समाज, स्थानीय ब्यक्तिहरु, प्रशासन, सुरक्षा निकाय लगायतका सम्बन्धित ब्यक्ति तथा निकाय संग घटनाका सम्बन्धमा जानकारी लिने ।

**घटनाहरुको संक्षिप्त बिवरण :**

कपिलबस्तु जिल्लामा माओवादीहरुले गरेको हत्या, अपहरणको विरुद्ध प्रतिकारमा उत्रिएका जनताहरुले बिभिन्न गा.बि.स.का ६०० भन्दा बढी घरहरु जलाएर नष्ट गराएका छन् भने हालसम्म प्रतिकार समुह र माओबादी पक्षबाट ४२ जना व्यक्तिहरुको हत्या भै सकेको छ । दर्जनौ गाउँहरुबाट प्रतिकार र प्रतिशोधका नाममा प्रतिकारमा उत्रिएका मानिस र माओबादी पक्षबाट भएका हत्या हिंसा लुटपाट र आगजनीका कारण दशौं हजार मानिसहरु भारतको सिमावर्ती क्षेत्रमा बिस्थापित भएका छन् । पीडित मानिसहरुको घर सहित दैनिक जिविकोपार्जन गर्ने खाद्यान्न लत्ताकपडा भाँडा कुँडा जलेर नष्ट भएका कारण उनीहरुको दैनिक जिवन अत्यन्तै कष्टप्रद रहेको छ । छिमेकी गाउँका मानिसले दिएको ४,६ के.जी खाद्यान्नको भरमा बाँच्न बिवश पीडित समुदायलाई हालसम्म पनि सरकारी पक्षबाट कुनै किसिमको राहत उपलब्ध गराएको पाईएन । स्थानीय गैर सरकारी पक्षहरुले केही राहत उपलब्ध गराएता पनि त्यो पर्याप्त देखिदैन । घटना पश्चात प्रभावित क्षेत्रका स्कूलहरुमा पढाई संचालन नभएको,पढ्ने किताव कापीहरु समेत जलेर नष्ट भएका कारण पढ्नका लागि स्कूल जान सकेका छैनन् । आखाँको सामुन्ने आफ्नो सारा सम्पत्ती नष्ट भएको घटना र असुरक्षाको भयावह स्थितिले पिडीत समुदायका मानिसहरु र बालबालिकाहरुमा नकारात्मक मनोबैज्ञानिक असर परेको छ । अधिकांस जलाईएका घरहरु पडाडी समुदायको भएको र कपिलबस्तुमा बहुसख्यक मधेसी र मुस्लिम समुदाय रहेकाले यस प्रतिकारको घटना पश्चात घटनाहरु बढ्दै जाँदा साम्प्रदायिक भड्काव आउन सक्ने देखिन्छ । कपिलबस्तु घटनामा ब्यापक रुपमा मानव अधिकार तथा मानवीय कानूनका मुल्य मान्यताको व्यापक रुपमा हनन् भएको तथ्य जिउदै ३ ब्यक्तिलाई आगोमा जलाउने र ११ बर्षिय अबोध बालिकालाई गरिएको बलात्कारका घटनाले पुष्टि गर्दछ । घटनामा प्रत्यक्ष संलग्न पक्षहरु मानवीय क्षति तथा मानविय संवेदना प्रति सचेत नभई ह्रिंस्रक बन्दै गईरहेको पाईन्छ ।

**घटनाको उठानः गणेशपुर घटना**

मिति २०६१ साल फाल्गुण ५ गते साँझ ६ बजे ५ जनाको समुहमा आएका माओवादीहरुले कपिलवस्तु जिल्ला गणेशपुर गा.बि.स.वाड नं ४ बस्ने बर्ष ४९ का भु.पु. असई ईन्द्र बहादुर भुजेललाई अपहरण गरी लगे पश्चात स्थानीय बासिन्दाहरुले ईन्द्र बहादुर भुजेल जस्ता ब्यक्तिलाई त माओबादीहरुले छाडेनन्

भने हामीलाई के छाड्लान् भन्ने सोचेर निजलाई खोज तलास गर्दै जाने क्रममा लालपुर भन्ने स्थानमा बाखाको खोरमा ईन्द्र बहादुर भुजेललाई थुनि राखेको अवस्थामा फेला पारी निजलाई त्यँहाबाट मुक्त गराई गाउँलेले ईन्द्र बहादुरलाई थुनिएको स्थानमा सेन्ट्रीको रुपमा बसेका रोशन भन्ने सिताराम बानिया र अलि अख्तरलाई पिट्दा पिट्दै मारे पछि कपिलबस्तु जिल्लाको बिभिन्न स्थानमा श्रृखलाबद्ध रुपमा घटनाहरु घट्दै गएको पाईयो ।

## घटनाको स्थलगत अध्ययनबाट पाइएका तथ्यहरु

१ घटनाका तथ्यहरु बुझ्दा घटनाको शुरुवात गणेशपुर निवासी इन्द्र बहादुर भुजेल र दुखी तेलीलाई माओवादीले अपहरण गरी लगी सके पछि स्थानीय जनताहरुले निजहरुलाई अपहरण मुक्त गर्ने प्रयास गरे पश्चात भएको देखिन्छ ।

२ जिल्लाका विभिन्न क्षेत्रमा घटेका घटनाहरुको प्रकृति फरक फरक रहेको पाईयो । घटनामा लुटपाट, कुटपिट, आगजनी, हत्या र बलात्कार भएको पाईयो ।

३ मिति २०६१।११।६ बाट प्रतिकारमा उत्रिएको समुहले सिरसिहवा, गणेशपुर, बरईपुर,भगवानपुरमा माओबादीहरुको हत्या र स्थानीय बासिन्दाका घरहरुमा माओबादीहरुलाई सेल्टर दिएको आरोपमा आगजनी लुटपाट गर्दै मिति २०६१।११।९ गते श्रृंखलाबद्ध घटनाको सवै भन्दा ठुलो घटना शिवपुर गा.बि.स.को हल्लानगरमा आगजनी र लुटपाट गरेको पिडितहरुले बताए ।

४ कपिलबस्तु जिल्लाका ७७ गा.बि.स.हरु मध्ये हाल सम्ममा ४० वटा गा.बि.स. प्रभावित भएको पाईयो । प्रतिकार समूहद्वारा ३१ जना र माओवादीद्वारा ११ जनको हत्या गरीएको पाईयो । प्रतिकार समूहद्वारा बरईपुर गा.वि.स.मा ३ जनालाई जिउदै जलाईएको पाईयो ।

५ प्रतिकारमा उत्रिएका जनतालाई रोक्नु भन्दा व्यवस्थीत गर्न आवश्यक थियो भन्ने जवाफ प्रमुख जिल्ला अधिकारीले अध्ययन टोलीलाई बताए ।

६ घटनाको उठान गणेशपुर गा.बि.स.बाट भएको र त्यस ठाउँका जनता प्रत्यक्ष रुपमा माओबादीको प्रतिकारमा उभिएकाले उनीहरुको तत्कालिन सुरक्षाको स्थितिलाई ध्यानमा राखी अस्थायी सुरक्षा क्याम्प स्थापना गरेको देखियो ।

७ घटना पश्चात माओवादीले प्रतिकारमा उत्रिएको समुहमा रहेका ब्यक्तिहरुलाई श्रृखलाबद्ध रुपमा मार्ने कार्य निरन्तर रुपमा गरीरहेको पाईयो ।

८ घटना पश्चात दशौं हजार मानिसहरु बिस्थापित भै भारतको सिमावर्ती क्षेत्रहरुमा जिवन बिताउन बाध्य भएका छन् ।

९ घटना भएको बिभिन्न ठाउँहरुमा घर भित्र राखिएका सामानहरु सुलिमा राखीएका मकै भकारीका धान लगायतका खाद्यान्न सामग्री, लत्ताकपडा भाडाकुडा समेत जलेकाले पिडीतहरु दयनिय अवस्थामा जिवन बिताउन बाध्य छन् । हालसम्म पिडीत पक्षले कुनै किसिमको उल्लेख्य राहत प्राप्त गर्न सकेको पाईएन ।

१० घटनाका पिडीतहरु त्रसित भै स्थलगत अध्ययन टोली समक्ष उनीहरुले सुरक्षाको प्रत्याभुतिका लागी पटक पटक अनुरोध गरेका थिए ।

११ पिडीत पक्षलाई तत्काल राहत उपलब्ध गराउन तथा पुनःस्थापना गर्न नसकीए उनीहरुमा बढ्दै गईरहेको आक्रोशले झनै ठुलो दुर्घटना निम्त्याउन सक्ने तथ्य पाईयो ।

१२. प्रभावित क्षेत्रमा रहेका स्कूलमा पढ्ने बिद्यार्थीको कापी किताव जलेको र निजहरु डरत्रासका कारण बिद्यालयमा पढ्न जान छाडेको पाईएको ।

१३ बढदै गरेका संृखलावद्ध घटनाहरुले प्रतिशोधको भावना बढाउदै लगी बिकराल रुप लिन सक्ने देखिन्छ ।

१४ स्थानीय नागरिक समाजका प्रबुद्ध ब्यक्तिहरु यस घटना प्रति संबेदनशिल भएको पत्रकार महासंघका सभापति नारायण प्रसाद पौडेलले अध्ययन टोलीसंगको छलफलमा बताउनु भयो ।

१५. घरमा आगजनी भए पछि र प्रतिकार समुहले पिडीत पक्षको ओड्ने ओछ्याउने लुटेर लगेको र जलाई दिएको कारण चिसो भुईमा सुत्नु परेको र खानाको अभावमा बाँच्नु परेको स्थानीयबासीले बताए ।

१६ अध्ययन टोली संगको भेटमा प्रमुख जिल्ला अधिकारीले थुनिया र शिवपुर गा.बि.स.को हल्लानगरको बस्ती अवैधानिक भएकोले जग्गाको बैधानिकताकै प्रश्न उठेकाले राहतका सम्बन्धमा सरकारी नीति अझ सम्म बनिनसकेकोले यसको लागी रिपोर्ट गरेर केन्द्रमा पठाएको र केन्द्रबाट कुनै निर्देशन नआए सम्म सरकारी पक्षबाट केही गर्न नसकीने कुरा बताउनु भयो ।

१७ घटनाका पीडित र प्रभावित परिवारको विचल्ली अवस्था भएकोले तत्काल खाने, बस्ने समस्याको परिपुर्तिका लागि राहत उपलब्ध गराउनु पर्ने अवस्था देखिन्छ ।

१८. अहिले पीडितहरुले असुरक्षाको स्थिति भोगिरहेकाले उनीहरुको लागि तत्काल सुरक्षाको व्यबस्था गर्नु पर्ने देखिन्छ ।

१९ अहिले पहाडिया र मधेशी तथा मुस्लिम र हिन्दु बीच साम्प्रदायीक द्वन्द्वको अवस्था श्रृजना भैरहेकोले तिनीहरुको बीच सामाजिक सद्भाव र सहिष्णुता कायम गर्नका लागि तत्काल कार्य गर्न आवश्यक देखिन्छ ।

२० विस्थापित परिवारहरुको तत्काल पुर्नव्यवस्था र पुर्नवासका लागि तत्काल कार्य गर्नु पर्ने देखिएको ।

**अध्ययन टोलीले स्थलगत अध्ययनका क्रममा भोग्नु परेका चुनौतीहरु**

१ घटनाहरु प्रत्येक दिन नयाँ नयाँ रुपबाट घटेका कारण प्रत्येक घटना घटेका प्रत्येक स्थानमा पुगी घटनाको अध्ययन गर्न कठिनाई परेको ।

२ घटनाका बारेमा बुझ्न घटनास्थलमा जाँदा मानिसहरु बिस्थापित भै बाहिर गएका कारण तथ्यहरु संकलन गर्न कठिनाई भएको ।

३ घटनाको शुरुवात भएको कपिलबस्तु जिल्लाको गणेशपुर ईलाकामा अध्ययन टोली पुग्दा स्थानीय बासिन्दाले मानव अधिकारबादी भनेको माओबादी नै हुन् । विगतमा माओवादीले गरेका ज्यादतीको अध्ययन गर्न यिनीहरु आएनन् । अहिले २,४ जना माओबादी मार्दा मानव अधिकारबादीहरु देखा परेका छन् । यिनीहरुले सधै माओबादीको पक्षमा कुरा गर्दछन् । गाडीमा झण्डा नदेखिएको भए र सुरक्षा बेशक्याम्पमा नगएको भए गाडी देख्ने वित्तिकै तोडफोड गरी मान्छेहरुलाई मार्थ्यौं भनी स्थानीय बासीले अध्ययन टोली माथी आक्रोस देखाए ।

४ ११ बर्षिय बालिका बलात्कृत भएको घटनाको घटना बिवरण बुझ्नका लागी घटनास्थल पिडीतको घर सम्म पुगी घटना बिवरण लिन त्यस घटनामा पिडकको रुपमा किटान गरीएका एक ब्यक्तिको सोही दिन राती (२०६१।११।२३ गते ) माओबादीले हत्या गरेको र त्यस क्षेत्रको अवस्था संबेदनसिल बनेका कारण भ्रमण टोली उक्त स्थानमा पुग्न नसकेको ।

५ घटनाको अनुगमन र यथार्थ बिवरण संकलन गर्नै क्रममा शिवपुर गा.बि.स.को हल्लानगरमा पुनः प्रतिकार समुहका ब्यक्तिहरु आए भनी हल्ला चले पछि त्यहाँका मानिसहरुमा रुवाबासी शुरु भएको र अध्ययन टोलीलाई घटना बिवरण संकलन गर्न बाधा परेको ।

६ अध्ययन टोली स्थलगत अध्ययनको क्रममा रहेकै अवस्थामा चनौटा देखि दक्षिण पश्चिममा रहेको बिरपुर गाविस वडा नं.५ कुदरवेटुवा मा मिति २०६१।११।२३ गते राति माओवादीको आक्रमणबाट हत्या गरिएका २ जना र आगजनी समेतको क्षतिको विवरण लिन अध्ययन टोली सोही २४ गतेका दिन स्थानीय सिराज खान र शरद समाज कपिलवस्तुका उमेश पौडेललाई लिई घटना स्थल पुगी विवरण लिन प्रयास गर्दा त्यहाँ उपस्थित मानिसहरु नेपालका मानव अधिकारवादी सबै माओवादीसँग मिलेका छन् भन्दै आक्रोसित भए । स्थानीय व्यक्ति सिराज खानको सहयोगबाट अध्ययन टोली माथि हुने सम्भावित खतराबाट जोगिन सफल भएको ।

**घटनाबाट उल्लंघन भएका अधिकारहरु**

१. मानव अधिकारका अर्न्तराष्ट्रिय संयन्त्रहरुले प्रदान गरेका विभिन्न मानव अधिकारको माओवादी र प्रतिकार समुह दुबै पक्षद्वारा व्यापक रुपमा उल्लंघन भएको देखिएको ।
२. विशेष गरी बाँच्न पाउने अधिकारको पुर्ण रुपमा हनन् भएको ।
३. खान पाउने अधिकार र बासको अधिकार, सुरक्षाको अधिकारको हनन् भएको ।
४. सम्पत्तिको अधिकारको हनन् भएको ।

## कपिलबस्तु जिल्लाको संक्षिप्त परिचय :

कपिलबस्तु जिल्ला पश्चिमाञ्चल बिकाश क्षेत्रको मध्य भागमा अवस्थित छ । यस जिल्लामा ७७ गा.बि.स. एक नगरपालिका रहेको छ । भौगोलिक हिसावले यो क्षेत्र समथर रहेको छ । यस जिल्लामा ४ बटा निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाका अधिकांश भागहरु छिमेकी देश भारतसंग जोडीएको र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सामाजिक सास्कृतिक धार्मिक हिसावले भारतसंग सम्बन्ध भएको देखिन्छ । २०५८ को जनगणना अनुसार यो जिल्लामा ४९१५९२ जनसंख्या रहेको छ । यस जिल्लामा साक्षरता को प्रतिशत न्यून रहेको जस अनुसार ३१.८१ प्रतिशत जनता साक्षर रहेको देखिन्छ । यो जिल्लामा मुस्लिम, हिन्दु र मधेसी समुदायका मानिसहरुको बसोबास रहेको छ । यस जिल्लामा मुस्लिम र मधेसी समुदायको अधिकतम बाहुल्यता रहेको देखिन्छ । विश्व शान्तिका मार्गदर्शक भगवान गौतम बुद्धको जन्मस्थल हो कपिलबस्तु । धार्मिक पर्यटक स्थलको रुपमा प्रख्यात रहेको यो क्षेत्र अहिले हत्या, हिंसा, कुटपिट, आगजनी, बलात्कारको स्थलको रुपमा परिणत भएको छ ।

### घटनाका सिलसिलाहरु

गणेशपुरको घटना संपुर्ण घटनाहरुको उठानको रुपमा रहेको पाईन्छ । यसै स्थानबाट शरु भएको घटनाले बिकराल रुप लिई जिल्लाका अधिकांश भागमालाई प्रभाव पारेको देखिन्छ । घटना बिवरण र सम्बन्धि पक्षहरुको भनाई तल प्रस्तुत गरिन्छ ।

### थुनिया गा.बि.स.मा भएको आगजनी र लुटपाट :

घटना मिति : २०६१।११।९
समय : दिउसो २ बजे
स्थान : थुनिया गा.बि.स.वाड नं ५ परन्डीया गाउँ ।
आगो लगाउने समुह : माओबादी प्रतिकार समुह
कति जनाको संख्यामा रहेका : १००० को संख्यामा आएका भनी स्थानीय पिडीतहरुले अध्ययन टोलीलाई बताएका ।
आगजनी र लुटपाट गर्ने समुहमा कस्को बाहुल्यता रहेको : मधेसी समुदायको बाहुल्यता रहेको भनी स्थानिय पिडीतहरुले अध्ययन टोलीलाई बताएका ।
स्थलगत अध्ययन टोलीले स्थलगत अध्ययन गरी पिडीतसंग सोधपुछ गरेको मिति : २०६१।११।२२ गते दिउसो ।
आगलागी र लुटपात गरेको घर संख्या : ४४

माओबादीलाई खान बस्न र माओबादी भएको आरोपमा माओबादी प्रतिकारमा उत्रिएका सयौको संख्यामा मधेसी समुदायको बाहुल्या रहेको आक्रोसित समुहले तपसिलमा उल्लेखित ब्यक्तिहरुको घरमा आगजनी र सामानहरुको जवरजस्ती लुटपाट गरेको कुरा पिडीतहरुले स्थलगत अध्ययन टोलीलाई बताए ।





थुनिया गाविसमा जलाईएको घरको एक दृश्य

| क्र.स. | घरमुलिको नाम | ठेगाना | परिवार संख्या | आगजनी र लुटपातको बिवरण |
|---|---|---|---|---|
| १ | धन बहादुर कार्की | थुनिया–५ | | घर पुरै जलेको धनमाल लुटपाट गरीएको । |
| २ | तिल कुमारी कार्की | थुनिया–५ | | घर टाएलले छाएकाले बढी क्षति हुन नपाएको,गोठ जलाई दिएको,धान समेत जलाई दिएको । |
| ३ | हुम कुमारी कार्की | थुनिया–५ | | घर जलाई दिएको । १०,०० रुपिया दुईवटा डेक,३ वटा कम्बल,२ क्वीन्टल चामल,टिनको बाकसमा रहेका सवै सामान लुटेर लगेको कुरा पिडीतले भ्रमण टोलीलाई बताएको । |
| ४ | सिता कार्की | थुनिया–५ | | घरमा रहेका भाडा कुडा, टिनको बाकस,तामाको गाग्री तारला लुटेर लगेको कुरा पिडीतले बताउनु भएको । |
| ५ | राजु कुर्मि | थुनिया–५ | ४ | गोठ जलाई दिएको, घरको झ्याल ढोका काटी दिएका । कपडा भाडा कुडा लुटेर लगेको कुरा राजु कुर्मीको श्रीमती ज्ञानमति कुर्मिले भ्रमण टोलीलाई बताउनु भएको । यसै गरी उहाँले घरमा कोही नभएको बेला आगो लगाई दिई घरमा भएको ३ क्वीटल चामल घुम्टीमा रहेको १०,००० बरावरको सामान लुटेर लगेको कुरा बताउनु भयो । लुट्नका लागी देश र मुसलमान समुदाय आएको कुरा समेत बताउनु भयो । |
| ६ | भगौती कुर्मी | थुनिया–५ | १० | नया घर बनाउन लागी गोठमा राखेका घरका सवै सर सामान भाडा कुडा, कपडा,आलु सबै जलाई दिई घरमा आफुले लगाएको कपडा बाहेक केही बाकी नरहेको कुरा पिडीतले भ्रमण टोलीलाई बताउनु भएको । |
| ७ | त्रिबेणी कुर्मी | थुनिया–५ | ८ | घर जलाई दिई बोकेर लग्न मिल्ने जति लुटपात गरी लगेको कुरा पिडीतले स्थलगत भ्रमण टोलीलाई बतानु भएको । |
| ८ | आवास मिया | थुनिया ५ | ५ | |
| ९ | कुबे मिया | थुनिया–५ | १६ | घर गोठ जलाई दिएको सामान सबै लुटेर लगी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| १० | तिल प्रसाद पौडेल | थुनिया–५ | ७ | गोठ बाखाको खोर जलाई दिएको घरका सामान सबै लुटेर लगेको कुरा पिडीतले भ्रमण टोलीलाइ बताउनु भएको । |
| ११ | खुमलाल भट्टराई | थुनिया–५ | ७ | घर गोठ सबै जलाई दिई घरका सामान सबै नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| १२ | नरेन्द्र आचार्य | थुनिया–५ | ६ | घर गोठ जलाई दिएको र बोकेर लान मिल्ने घरका सामान लुटेर लगेको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| १३ | खगेश्वर तिवारी | थुनिया–५ | १२ | घर तोड फोड गरी लत्ता कपडा, सिरक, हलो जोत्ने फाली, साईकल र ओछ्याउने गुन्द्री समेत लुटेर लगेको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |

| | | | | |
|---|---|---|---|---|
| १४ | भोग बिक्रम सिंह | थुनिया–५ जालिम बगिया | ६ | खरको छाना भएको काठको घर जलाई दिएको, ईन्सुरेन्सको कागजात,मेडिकल डकुमेन्ट लगायतका सामानहरु आगो लगाई जलाई दिई ५०,६० हजार रुपिया बरारको क्षति पु-याएको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताउनु भयो । |
| १५ | खगीश्वर हमाल | थुनिया–५ जालिम बगिया | ३ | मधेसी र मुस्लिम समुदायले पहाडीको खेद्दो भन्दै कच्ची घर जलाई दिएको घरमा भएको सामान लुटेर लगेको कुरा पिडीतले भ्रमण टोली लाई बताउनु भयो । उहाँले जलाउन आएको समुहले भाला, त्रिसुल खुकरी कोदाला लिई आएर लुटपाट एवं आगजनी गरेको कुरा ब्यक्त गर्नु भयो । |
| १७ | दिल बहादुर हमाल | थुनिया–५ जालिम बगिया | १० | कच्ची घर र गोठ जलाएर घरमा भएको अन्नपात लगायतका सामानहरु जलाएर नष्ट पारी दिएको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताउनु भयो । |
| १८ | भिम बहादुर कार्की | थुनिया–५ जालिम बगिया | ८ | कच्ची घर र गोठ जलाएर घरमा भएको अन्नपात लगायतका सामानहरु जलाएर नष्ट पारी दिएको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताउनु भयो । |
| १९ | भरत मल्ल | थुनिया–५ जालिम बगिया | ५ | घर नजलाएको भए पनि गोठ जलाई दिई घरमा रहेका सामान लुटी लगेको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताउनु भयो । |
| २० | लक्ष्मी उचाई ठकुरी | थुनिया–५ जालिम बगिया | ५ | घर नजलाएको भए पनि गोठ र बाखाको खोर र्ण दिई घरमा रहेका सामान लुटी लगेको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताउनु भयो । |
| २१ | इन्द्र बहादुर सेन | थुनिया–५ जालिम बगिया | १० | घर, गोठ, दुई कटेरा जलाएर नष्ट पारेको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २२ | होम बहादुर मगर | थुनिया–५ जालिम बगिया | ८ | एक घर र दुई कच्ची गोठ जलाएर नष्ट पारेको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २३ | मोहन सिंह सारु | थुनिया–५ जालिम बगिया | ३ | एक कच्ची गोठ जलाई दिई नष्ट पारेको,घरमा रहेका सामान लुटेर लगी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २४ | दालमणि सारु | थुनिया–५ जालिम बगिया | ५ | एक कच्ची गोठ जलाई दिई नष्ट पारेको,घरमा रहेका सामान समेत जलेर नष्ट भएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २५ | रेशम सामै | थुनिया–५ जालिम बगिया | ६ | दुई कटेरा जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २६ | गोपाल के.सी | थुनिया–५ जालिम बगिया | ६ | कच्ची घर, कच्ची बाखाको खोर जलाएर नष्ट पारी दिएको घरमा रहेका सामान लुटेर लगी दिएको कुरा भ्रमण टोली समक्ष बताउनु भयो । |
| २७ | तारा हमाल | थुनिया–५ जालिम बगिया | ५ | घर जलाई दिएर घरमा रहेको सबै सामान जलेर नष्ट भएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २८ | मधु हमाल | थुनिया–५ | | कच्ची घर जलाएर नष्ट पारी दिएको भनी पिडीतले |

| | | | | |
|---|---|---|---|---|
| | | जालिम बगिया | | भ्रमण टोली समक्ष बताउनु भएको । |
| २९ | युग बिक्रम सिंह | थुनिया -५ | | कच्ची घर जलाएर नष्ट पारी दिएको भनी पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३० | कमल बहादुर कार्की | थुनिया -५ | | कच्ची घर र गोठ जलाएर नष्ट पारी दिएको भनी पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३१ | भोग कुमारी कार्की | थुनिया -५ | ६ | मेरो घरमा माओबादी प्रतिकारको नाममा आएका १००० जना जतिको मधेसी र मुस्लिम समुदायका व्यक्तिहरु मेरो घरमा आई खै माओबादी तैले माओबादी पाल्छेस भनेर सोधे मैले पाल्दीन मलाई थाहा छैन हजुर भन्दा अझ बढी बोल्छेस भनी मलाई थक्का लगाए । मेरो परीवारमा कोही माओवादी कोही छैनन । मेरो श्रीमान एक बर्ष अगाडी देखि ईराकमा हुनुहुन्छ । घर जलाउन आएका कोहीलाई पनि मैले चिन्दीन । त्यस पछि फुक फक भनेर सलाई कोरी मेरो घर जलाई दिए भनी पिडीत भोग कुमारी कार्कीले भ्रमण ठोलीलाई बताउनु भयो । |
| ३२ | राम बरण यादव | थुनिया -७ सिमरी कपिलबस्तु | १२ | एक बच्ची र गोठ जलाई दिई लगाएको कपडा बाहेक केही नरहेको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३३ | आजोद्धा डागी | थुनिया -७ सिमरी कपिलबस्तु | ६ | कच्ची घर गोठ सहित सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३४ | राम बहादुर डाडी | थुनिया -७ सिमरी कपिलबस्तु | ५ | कच्ची घर गोठ सहित सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३५ | कमल कोरी | थुनिया -७ सिमरी कपिलबस्तु | ४ | कच्ची घर गोठ सहित सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३६ | ठावल रहित | थुनिया -७ सिमरी कपिलबस्तु | १० | कच्ची घर गोठ सहित घरमा रहेको सबै सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३७ | प्रभु दयाल यादव | थुनिया -७ सिमरी कपिलबस्तु | ३ | कच्ची घर गोठ सहित घरमा रहेको सबै सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३८ | चैतु कोहार | थुनिया -७ सिमरी कपिलबस्तु | ५ | कच्ची घर गोठ सहित घरमा रहेको सबै सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ३९ | बर्षाती यादव | थुनिया -७ सिमरी कपिलबस्तु | २ | कच्ची घर गोठ सहित घरमा रहेको सबै सामान जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ४० | पिताम्बर लोनिया | थुनिया -७ सिमरी कपिलबस्तु | ८ | २ कच्ची घर र एक गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| ४१ | बंसराज ढाडी | थुनिया -७ सिमरी | ११ | एक कच्ची घर एक कच्ची गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले बताउनु भएको । |

| | | | | |
|---|---|---|---|---|
| | | कपिलबस्तु | | |
| ४२ | जोख ुढाडी | थुनिया -७ सिमरी कपिलबस्तु | ७ | एक कच्ची घर एक कच्ची गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले बताउनु भएको । |
| ४३ | दरोगा पासी | थुनिया -७ सिमरी कपिलबस्तु | ६ | एक कच्ची गोठ सहित अन्न जलाएर नष्ट पारी दिएको भनी दरोगा पासीले बताउनु भएको । |
| ४४ | कोदई यादव | थुनिया -७ सिमरी कपिलबस्तु | ७ | एक कच्ची घर एक कच्ची गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले बताउनु भएको । |
| ४५ | मंगल पासी | थुनिया -७ सिमरी कपिलबस्तु | १० | एक कच्ची घर एक कच्ची गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले बताउनु भएको । |

**थुनिया गा.बि.स.मा भएको घटनाका सम्बन्धमा पाईएका तथ्यहरु :**

१ यस गा.बि.स.मा प्राय जसो पहाडीयाको बस्तीमा आगो लगाईएको पाईएको ।

२ बढी मात्रामा देशी मुस्लिम समुदायका पुरुषहरु आगजनी र लुटपातमा संलग्न भएको भनी स्थानिय बासिन्दाहरुले बताउनु भएको ।

३ प्रतिकारमा निस्कीएका ब्यक्तिहरुले घर गोठ जलाउनु का साथै घरमा भएका भएका सामानहरु बोकेर लैजान मिल्ने सक्ने सामान लुटेर लगी दिएको र नसक्ने सामानै सहित घर जलाइदिएको भन्ने कुरा पिडीतहरुले भ्रमण टोलीलाई बताएका ।

४. प्रतिकार र आगजनी लुटपाटमा आएका ब्यक्तिले पिडीतको घरमा आई माओबादीको घर देखा नत्र तिमीहरु कै घर जलाई दिन्छौ भनी पिडीतहरुको घर जलाई सामानहरु समेत लुटपाट गरेको कुरा पिडीतहरुले अध्ययन टोली समक्ष बताएका ।

५ पिडीत पक्षलाई सरकारी निकायले हालसम्म कुनै सहयोग नगरेको भनी पिडीतहरुले स्थलगत अध्ययन टोली समक्ष बताएका ।

६ यस क्षेत्रका जनताले वनको संरक्षणको लागी गरेको कार्य प्रति असन्तुष्ट पक्षहरुले वन जथाभावी गर्न नपाएको रिशईवी समेतका आधारमा वन समुहका ब्यक्तिहरुको घरमा माओबादी प्रतिकारका नाममा मधेसी र मुस्लिम समुदायका मानिसहरुले लुटपाट र आगजनी गरेको कुरा पिडीतहरुले स्थलगत अध्ययन टोलीलाई बताएको ।

७. यसै घटनाक्रमसंग जोडीन आएको सामुदायिक बन को टिकट काट्ने ब्यक्तिहरु को हुन बता नत्र भने घरमा आगो लगाई दिन्छौ भनी आगजनी लुटपात गर्न भनी प्रतिकारमा आएका ब्यक्तिहरुले पिडीतहरुलाइ धम्काएको भनी पिडीतहरुले स्थलगत अध्ययन टोली समक्ष बताएका ।

८. प्रतिकारमा हिडेका ब्यक्तिहरुले गाउँका केही ब्यक्तिलाई प्रतिकारमा हामी संग हिड्ने भए हिड नत्र भने तेरो घरमा नै आगो लगाएर घर उडाई दिन्छौ भनी धम्क्याएर आफुहरु संगै हिडाएको कुरा स्थानिय बासिन्दाले अध्ययन टोलीलाई बताउनु भएको ।

९. आगजनी गर्ने प्रतिकार समुहलाई अप्रत्यक्ष रुपमा स्थानिय प्रशासनले सहयोग गरेको कुरा स्थानिय बासिन्दाहरुले अध्ययन टोलीलाई बताउनु भएको ।

१०. थुनिया गा.बि.स.का बासिन्दाले यसरी प्रतिकारका नाममा गाउँमा आई जथाभावी आगजनी र लुटपाट भएको बिषयमा नजिकमा रहेको शसस्त्र प्रहरी क्याम्पमा गई यस्तो कार्य रोक्नका लागी अनुरोध गरे पछि घटनाको दोश्रो दिन प्रहरीहरु थुनिया गा.बि.स.को नयाँबस्ती गाउँलाई आगजनी हुनबाट रोकेको कुरा स्थानिय बासिन्दाबाट थाहा हुन आएको ।

११. बालबालिकाका कापी किताव समेत आगजनीमा जलेका हुनाले कापि किताबको अभाव र डर त्रास समेतका कारण बच्चाहरु पढ्नका लागी स्कूल जान छाडेको कुरा स्थानिय बालबालिकाले अध्ययन टोलीलाई बताएका ।

१२ प्रतिकारमा आएका समुहले घरमा भएका सामान समेत लुटेर घर गोठमा आगो लगाई नष्ट भएका, परीवारलाई खैरेनीपुर, नयाँबस्ती गाउँ बनकट्टी गाउँका जनताले एक परीवारका एक सदस्यका लागी ४ के.जी. का दरले चामल उठाइ ल्याएर दिएकाले त्यसैबाट हाल गुजारा गरेको कुरा पिडीत परीवारबाट जानकारी हुन आएको ।

**मानपुर गा.बि.स.मा भएको आगजनी र लुटपाटको घटना**

घटना मिति : २०६१।११।९

समय : दिउसो २ बजे

स्थान : मानपुर गा.बि.स.वाड नं १ ।

आगो लगाउने समुह : माओबादी प्रतिकार समुह

कति जनाको संख्यामा रहेका : १००० को संख्यामा आएका भनी स्थानिय पिडीतहरुले अध्ययन टोलीलाई बताएका ।

आगजनी र लुटपाट गर्ने समुहमा कस्को बाहुल्यता रहेको मधेसी समुदायको बाहुल्यता रहेको भनी स्थानिय पिडीतहरुले अध्ययन टोलीलाई बताएका ।

स्थलगत अध्ययन टोलीले स्थलगत अध्ययन गरी पिडीतसंग सोधपुछ गरेको मिति : २०६१।११।२२ गते दिउसो ।

आगलागी र लुटपाट गरेको घर संख्या : ३

माओबादीलाई खान बस्न र माओबादी भएको आरोपमा माओवादी प्रतिकारमा उत्रिएका सयौको संख्यामा मधेसी समुदायको बाहुल्यता रहेको आक्रोसित समुहले तपसिलमा उल्लेखित ब्यक्तिहरुको घरमा आगजनी र सामानहरुको जवरजस्ती लुटपाट गरेको कुरा पिडीतहरुले स्थलगत अध्ययन टोलीलाई बताएका ।

| क्र.स. | घर मुलिको नाम | ठेगाना | परीवार संख्या | आगजनी र तोडफोडको बिवरण |
|---|---|---|---|---|
| १ | मैटराम बोहरा | मानपुर -१ कपिलबस्तु | ८ | माओबादी प्रतिकारको नाममा ६,७ सयको संख्यामा आएका मानिसहरुले घरमा आएर माओबादीको घर कुन हो भनी सोधे । मैले यहाँ माओबादी छैनन भने । त्यस पछि तिनीहरुले माओबादी तै होस भनी मेरो श्रीमान मैटराम बोहरा छोरी यम कुमारी लाई समेत अलग अलग पारी यस्तै प्रश्न सोधे । त्यस पछि तिमीहरु नै माओबादी हौ भनी आएका मध्ये २ जनाले सलाई कोरी घरको भित्ता नजिकै रहेको टायरमा एक जनाले आगो लगाए भने अर्काले घरको पश्चिम साईडबाट घरको छानामा आगो लगाई दिए । आगो लगाउने बेलामा हामीलाई घर बाहिर निस्कन भने । प्रतिकारमा हिडेका मध्ये एक दुई जना मात्र चिनेको ब्यक्ति थिए । तिनीहरुलाई प्रतिकारको नाममा हिडेका ब्यक्तिले प्रतिकारमा हामी संग हिड्ने भए हिड नत्र तेरो घरमा आगो लगाई दिन्छु भनी धम्याएर हिडाएका रहेछन् । मेरो घरमा आगो लगाई दिएर घर नष्ट पारी दिए भने कपडा भाडा कुडा गाग्री ताउलो लुगा सिउने मेसिन५० किलो धान,१ |

| | | | | |
|---|---|---|---|---|
| | | | | क्वीटर २५ किलो १० किलो तोरी लुटेर लगी दिएको कुरा पिडीत मैटराम बोहराकी श्रीमती राम कुमारी भन्ने तुलसरा बोहोराले घ्रमण टोलीलाई बताउनु भयो । यसै गरी हाल खैरेनीपुर र मानपुर भन्ने गाउँबाट लगाउनका लागी एक वटा साडी र केही चामल चन्दा उठाए ल्याई दिएकाले हाल त्यसैबाट जनतन गुजारा चलाएको कुरा बताउनु भयो । कुरा पिडीतले भ्रमण टोली समक्ष बताउनु भएको । |
| २ | पदम बहादुर कार्की | मानपुर -१ कपिलबस्तु | | घरमा रहेका सम्पुर्ण सामान सहित कच्ची घर गोठ जलाएर नष्ट पारी दिएको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताएको । |
| ३ | गोबिन्द जि.सी. | मानपुर -१ कपिलबस्तु | ३ | घर गोठ जलाएर नष्ट नपारेको भएता पनि भैसी लुटेर लगेको कुरा पिडीतले स्थलगत भ्रमण टोली समक्ष बताएको । |

**मानपुर गा.बि.स.मा भएको आगजनी र लुपाटको घटनाको सम्बन्धमा पाईएका तथ्यहरु :**

१. यस गा.बि.स.मा पहाडीयाको बस्तीमा आगो लगाईएको पाईएको ।

२ प्रतिकारमा निस्कीएका ब्यक्तिहरुले घर गोठ जलाउनु का साथै घरमा भएका भएका सामानहरु बोकेर लैजान मिल्न सक्ने सामान लुटेर लगी दिएको र नसक्ने सामानै सहित घर जलाइदिएको भन्ने कुरा पिडीतहरुले अध्ययन टोलीलाई बताएका ।

३ बढी मात्रामा देशी मुस्लिम समुदायका पुरुषहरु आगजनी र लुटपाटमा संलग्न भएको भनी स्थानिय बासिन्दाहरुले बताउनु भएको ।

४. घरमा भएका सामान समेत लुटेर घर गोठमा आगो लगाई नष्ट भएका भएका परीवारलाई खैरेनीपुर, नयाँबस्ती गाउँ, बनकट्टी गाउँका जनताले प्रति परीवारका प्रति सदस्य ४ के.जी. का दरले चामल उठाइ ल्याएर दिएकाले त्यसैबाट हाल गुजारा गरेको कुरा पिडीत परीवारबाट जानकारी हुन आएको ।

५ प्रतिकार र आगजनी लुटपाटमा आएका ब्यक्तिहरुले पिडीतको घरमा आई माओबादीको घर देखा नत्र तिमीहरु नै माओबादी हौ भन्दै तिमीहरुकै घर जलाई दिन्छौ भन्दा पिडीतहरुले हामी माओबादी होइनौ घरमा आगजनी नगरी दिनु ओस भन्दा पनि त्यसको बेवास्ता गरी पिडीतहरुको घर जलाई सामानहरु समेत लुटपात गरेको कुरा पिडीहरुले अध्ययन टोली समक्ष बताएका ।

६ पिडीत पक्षलाई सरकारी निकायले हालसम्म कुनै सहयोग नगरेको भनी पिडीतहरुले स्थलगत अध्ययन टोली समक्ष बताएका ।

७. यस क्षेत्रका जनताले वनको संरक्षणको लागी वन जथाभावी नमासी बन संरणका लागी हप्ताको दुई दिन सुकेका दाउरा काट्ने भनी नियम बसाएकोमा जथाभावी वन जंगल फडानी गर्न नपाएको रिशईवी समेतका आधारमा वन समुहका ब्यक्तिहरुको घरमा माओबादी प्रतिकारका नाममा मधेसी र मुस्लिम समुदायका मानिसले लुटपाट र आगजनी गरेको कुरा पिडीतहरुले स्थलगत अध्ययन टोलीलाई बताएका ।

८. यसै घटनाक्रम संग जोडीन आएको सामुदायिक वन को टिकट काट्ने ब्यक्तिहरु को हुन बता नत्र भने घरमा आगो लगाई दिन्छौ भनी आगजनी लुटपाट गर्न भनी प्रतिकारमा आएका ब्यक्तिहरुले पिडीतहरुलाइ धम्काएको भनी पिडीतहरुले स्थलगत अध्ययन टोली समक्ष बताएका ।

**लवनीमा एकको हत्या**
**घटना मिति** २०६१।११।१४
**स्थान** : लवनी -४,
**समय** : रातको १२/१ वजे
**मृतक** : घर भरण तेली

लवनी गा.वि.स. वडा नं. ४ लवनी वजारमा २०६१ साल फाल्गुन १४ गते शुक्रबार राती १२/१ वजेको समयमा माओवादी आई लवनी गा.वि.स. वडा नं.६ बस्ने वर्ष ४० का घर भरण तेलीलाई खुकुरी प्रहार गरी लवनी बजार चोकमा हत्या गरे । उनले माओवादी विरुद्ध राति पहरा गरिरहेका थिए । सोहि समयमा चोकको तौलन जायसवालको घरमा बम विस्फोट गराई क्षति पुऱ्याए । घटनाको भोलिपल्ट १२/१ वजे तिर सैनिकहरु आए । २२ गते सैनिक यहाँबाट साँझ नवस्ने गरेपछि अहिले यहाँका ७५% मान्छेहरु विस्थापित भई भारत तर्फ गए भनी स्थानीय वडा नं.४ निवासी ४५ वर्षीय मोती पासीले अध्ययन टोलीलाई बताए । अध्ययन टोली त्याहाँ पुग्दा बजारका पसलहरु बन्द थिए । मान्छेहरु फाट्टफुट्ट देखिन्थ्ये । उनीहरु पनि भयभित अवस्थामा देखिन्थे ।

**गहुँबारीमा लुकी ज्यान जोगाए**
**घटना मिति** २०६१।११।१३
**स्थान** : नन्दनगर -८
**समय** : राती
**पिडित** : लेस मोहम्मद नाउ

नन्दनगर गा.वि.स. वडा नं.८ मेहनियाका लेस मोहम्मद नाउको घरमा २०६१ फाल्गुन १३ गते राती बम विस्फोटद्वारा घर ध्वस्त पारिदिए । छिमेकी वर्ष ३० का सुरेन्द्र यादवले बताए अनुसार माओवादीले उक्त बम विस्फोट गराए । गाँउमा माओवादी आएको थाहा पाए पछि नाउका परिवारहरु घरबाट भागी गहुँबारीमा लुकी ज्यान जोगाएको र हाल विस्थापित रहेको उनले अध्ययन टोलीलाई बताए । अध्ययन टोलीले घटनास्थल अवलोकन गर्दा घर ध्वस्त भएको र लु १ प ८००४ नम्वरको एक मोटर साईकल जलेको पाईयो ।

**गोपाल लम्सालको हत्या**
**घटना मिति** २०६१।११।२१
**स्थान** : पतेरिया -७,
**समय** : राती
**मृतक** : गोपाल लम्साल

पतेरीया गा.वि.स. वडा नं.७ सोहसा निवासी गोपाल लम्साललाई मिति २०६१ साल फाल्गुन २१ गते राती माओवादीले घरबाट करीव १ किलो मिटर पश्चिम लगि हत्या गरेको एक १० वर्षे बालकले अध्ययन टोलीलाई  बताए । मृतक भुत पुर्व गा.वि.स. अध्यक्ष र नेपाली कांग्रेस(प्रजातान्त्रिक) का जिल्ला सदस्य थिए ।

**सुरक्षाफौजको उपस्थितीमा आगजनी र लुटपाट**
**घटना मिति** २०६१।११।१३
**स्थान** : पतेरीया-७
**समय** : दिउसो ३ वजे
**पिडित** : अदालत थारु समेत

पतेरीया गा.वि.स. वडा नं. ७ सोहसा निवासी बलभद्र बढईको घर-१, अदालत थारुको घर-१, सेलर मिल र सो को घर-१, केशवराम थारुको घर-१ मा मिति २०६१ साल फाल्गुन १३ गते विहिवारका दिन दिउसो ३ वजेको समयमा सुरक्षा फौजको उपस्थितीमा लुटपाट र घरमा आगजनी गरेको स्थानीयबासीले अध्ययन टोलीलाई बताए । अध्ययन टोलीसँग कुरा गर्दै पिडित मध्ये बलभद्र बढईले आफनो जलेको घर र सामानको विवरण सहितको पत्र दिए । उक्त पत्र सोही स्थानका स्थानीयवासी माओवादीबाट मारिएका भनिएका गोपाल लम्सालले लेखीदिएको भनी जानकारी समेत गराए ।

**अदालत थारु वर्ष ४५(पिडित)**

दश बार हजार मान्छे आएका थिए । २ गाडी आर्मी/सुरक्षा फौज समूहको पछि पछि थिए । मेरो घर, मिल घर र मिल जलाई दिए । मिलमा काम गर्ने अमेरिका थारुलाई समेत भिडले कुटपिट गऱ्यो । भएको सबै सामान जल्यो । अहिले गाउँलेले दिएको खाई रहेका छौं ।



प्रतिकार समूहद्वारा जलाईएको अदालत चौधरीको सेलर मिल

**राधेश्याम कहार (अदालत थारुको छिमेकी तथा घटनाका प्रत्यक्षदर्शी)**

२०६१ साल फाल्गुन १३ गते दिउसो ३ वजे तिर दक्षिण तिरबाट शाही सेनाको साथमा एक प्रतिकार समूह आई अदालत थारुको घर तथा सेलर मिलमा समेत आगो लगाई दिए र उनीहरुले घरमा भएका कुखुरा, परेवा, साईकल लुटपीट गरेका र अदालत चौधरीको मिल नजिक भएको किराना पसलका सामान लुटेर खाई दिए । शाही सेना आफनो ड्रेसमा आएका थिए । उनीहरु आगो लगाउने ठाँउमा आएनन् । अलि पर रहेका थिए । अरु जनताको समूहले आगो लगाउने र लुटपाट गरेका हुन । केशवराम थारु र सुरेश थारुको घरमा सामान समेत लुटेको जानकारी अध्ययन टोलीलाई गराए । घटना पश्चात ७५ प्रतिशत मानिस विस्थापित भएको पनि टोलीलाई बताए ।
केशवराम थारुले लेखेको निवेदन पत्र सुरेन्द्र नाम गरेका व्यक्तिले  अध्ययन टोलीलाई दिए ।

**नन्दनगर -९ श्रीनगरमा पनि सुरक्षाफौजको उपस्थितीमा आगजनी, लुटपाट र तोडफोड**

नन्दनगर गा.वि.स. वडा नं.९ श्रीनगरमा मिति २०६१ साल फाल्गुन १३ गते दिउसो १ वजे तिर सुरक्षा फौजको उपस्थितीमा घरमा आगजनी, लुटपाट र तोडफोड गरेको कुरा स्थानीय बासी र पिडितहरुले अध्ययन टोली लाई बताए ।

**प्रत्यक्षदर्शी पिडित**

२०६१ साल फाल्गुन १३ गते दिउसो १ वजेको समयमा ३ वटा गाडिमा सुरक्षा फौज सहित १० हजार जतिको आक्रोसित समूह आई हद्दिस मुसलमानको पक्की घर घन समेत प्रयोग गरी भत्काई दिए । घरमा भएका सामानहरु लुट्दै उनको गोठ र छोटकु पासीको घर-१, गोठ-१, विजय बहादुर पासीको घर-१, अवधेश पासीको घर-१, लौटन पासीको घर –१, कल्लु बढइको गोठ–१,मा आगो लगाई नष्ट गरीदिएको प्रत्यक्षदर्शी पिडितहरु छोटकु पासी, मगरु मल्लाह, विन्द्रावती पासीले अध्ययन टोलीलाई बताए ।

**बिन्द्रावती पासी** (पिडित)

विजय बहादुर पासीकी श्रीमती विन्द्रावती पासीले अध्ययन टोलीसमक्ष भनिन् भाँडा कुडा पनि लगि दिए । धान चामल केहि लगि दिए अरु जलाई दिए । खाने केहि छैन । लोग्ने विदेश कतार गएको ६ महिना भयो । लौटन माओवादी समर्थित थिए । उनको, कारणले लुटपाट गरी हामी सबैको घर समेत जलाई दिए ।

**मगरु मल्लाह** भन्छन् नन्दनगर, रजवारपुर, मेहनिया, सिर्सिहवा, तौलिहवा, कर्महवा,हनार्मपुर, भगवानपुर, पिपरहवा, हर्दिहवा, लवनी, लगायत भारतका मानिसहरु पनि उक्त समूहमा आएका थिए ।
सोहि ठाँउमा रहेको श्री प्रां.वि. श्रीनगर पनि वन्द रहेको अध्ययन टोलीले अवलोकन गऱ्यो । गाँउमा घटेको सोहि घटनाका कारण विद्यालयमा बिद्यार्थी नभएको देखियो ।

**बजार गएका नेत्रलाल भट्टराईको हत्या**
मिति २०६१ साल फाल्गुन १२ गते दिउसो ३ वजे तिर नन्दनगर गा.वि.स. वडा नं. ९ निवासी नेत्रलाल भट्टराईलाई प्रतिकार समूहका मानिसहरुले लाठी, मुंग्रा  प्रयोग गरी हत्या गरे । लवनी वजारमा पसलको सामान लिन पुगेका भट्टराईलाई माओवादी आयो मार यसलाई भन्दै उक्त समूहले कुटी मारेको स्थानीय बासिन्दाले अध्ययन टोलीलाई बताए ।

**अवलोकन**
नन्दनगर गाविस वडा नं ७ का बनारसी गडरीया पालको घर-१ र मिल, चन्कु पाल गडरीयाको घर-१ नन्दनगर गा.वि.स. वडा नं. ५ का वासिता मुसलमानको घर-१, टेक्टर-१, वादु मुसलमानको घरको एक कोठामा सबै सामान, लत्ता, कपडा राखी जलाईएको, दुवे चमारको घर-१ र भैसी जली मरेको, विठुवा गा.वि.स. को विठुवा गाँउको जलाईएको घर-१ को अध्ययन टोलीले अवलोकन गऱ्यो ।

**विस्थापित हुँदै गरेका मानिसहरुसंग भेटघाट**
अध्ययन टोलीले घटना अध्ययनको दोश्रो दिन मिति २०६१ साल फाल्गुन २३ गते घटना भएका लवनी, नन्दनगर, पतेरीया, बिठुवा, हथिहवा गा.वि.स. का घटनाहरुको अवलोकन र अध्ययन गर्दै जाँदा मानिसहरु विस्थापित भई भारत तर्फ जाँदै गरेको देख्यो । घटेका घटनाहरुको प्रभावस्वरुप असुरक्षित ठानी विस्थापित भएको अध्ययन टोलीले पायो ।



भारत तर्फ विस्थापित हुदै गरेका परिवारहरु

**राम केवल धोवी (विस्थापित हुदै गरेका)**
लवनी गा.वि.स. सिसहनियाका राम केवल धोवी (वर्ष ५०) आफ्नो १ छोरा र पत्नी सहित विस्थापित हुँदै गरेको परिवारलाई हथिहवा गा.वि.स. मा अध्ययन टोलीले भेट्यो । उनी ३ वटा बाखा, १ वटा गाई,२ वटा वाच्छि, टाउकोमा केही लत्ता कपडा लिई भारत तर्फ विस्थापित हुँदै थिए । अध्ययन टोलीले कहाँ जान लाग्नु भएको भन्दा रुदै मार्छन भन्ने डरले भारत तर्फ आफ्नो मान्छे कहाँ जादै छौं भनी बताए ।

राम केवल धोवीको परिवार जस्तै अन्य थुप्रै परिवार विस्थापित भएर जादै थिए । अध्ययन टोलीले किन जान लाग्नु भएको भन्ने प्रश्नमा सैनिक खटेको थियो । सैनिक गए पछि हाम्रो सुरक्षा भएन । असुरक्षाका कारण भारतमा शरण लिन जादै छौं । हामीहरु माओवादीको डरका कारण त्यता जान लागेका हौं तर हामीले माओवादीलाई केही गरेका छैनौं । गाँउबाट सबै गए हामी एक्लै बस्न सक्दैनौं । त्यसैले हामी पनि जान लागेका हौं । भारतमा गई मजदुरी गरी जिवन पाल्न सकिएला भनी उनीहरुले बताए ।

**विस्थापितसँग अध्ययन टोलीले भारतमा भेट गऱ्यो ।**
हथिहवा गा.वि.स.सँग जोडिएको भारतको सिमानाबाट विस्थापित भएका व्यक्तिहरुसँग भेट गर्न अध्ययन टोली भारतको सिमा प्रहरी चौकी लालपुरमा पुगि विस्थापित भई गएका मानिसहरुसँग भेट गऱ्यो । उनीहरुले प्रशासनबाट सुरक्षा भए मात्र फिर्ता हुने कुरा बताए । उक्त प्रहरी चौकीले ७००/८०० सयको रेकर्ड रहेको तर खुला सिमाना भएको कारण अन्यत्रबाट पनि आएकाले कति आए यकिन भन्न नसकिने भनी अध्ययन टोलीलाई बताउँदै नेपालको नागरिक प्रशासन प्रति आक्रोस व्यक्त गरेको थियो । विस्थापित मध्येका एक २५ वर्षीय जवानले आफ्नो नाम नभन्ने शर्तमा माओवादीका डरका कारण हामी यहाँ विस्थापित भएका छौं भनी बताए । हामीलाई प्रशासनले ३ ठाँउमा सुरक्षा दिए मात्र फर्किन्छौं । हामीलाई सरकारले सुरक्षा दिन नसकेका कारण असुरक्षित भई विस्थापित भएका हौं । उनीहरुका अनुसार १० हजार भन्दा बढीको संख्यामा विस्थापित भएका छन् ।
विस्थापित हुदै गरेका ४५ वर्षिय तोमिना खातुन, मोहम्मद अलीले हथिहवा, बिठुवा, लवनी, नन्दनगर र पतरिया गरी ५ गा.वि.स. का १०० गाँउका ७५ प्रतिशत मानिसहरु विस्थापित भएको अध्ययन टोलीलाई बताए ।
लवनी, पतेरिया, नन्दनगर, हथिहवा, विठुवा गा.वि.स.हरुमा अध्ययन गर्दा गाँउमा कतै कतै मात्र मान्छेहरु देखिन्थ्ये । केटाकेटी, बुढाबुढी र महिला मात्र गाँउमा देखिन्थ्ये । गाँउहरु सुनसान थिए । अध्ययन टोलीलाई घटनाका बारेमा बताउने मान्छेहरु पनि अत्यन्त कम थिए । भेटिएका मानिसहरु पनि भयभित र त्रासपुर्ण देखिएको अध्ययन टोलीले पायो ।

**४ जनाको हत्या**
जहदी गा.वि.स. वडा नं. ३ मा फाल्गुन १९ गते राती तौलेश्वर प्रसाद कर्मी, वडा नं. ७ रेहरामा फाल्गुन १५ गते बैदुल्ला जोलाहा र मक्सुद आलम तथा वडा नं. ६ मा फाल्गुन १५ गते हकिम धोवीलाई माओवादीद्वारा हत्या गरीएको भनी अध्ययन टोलीलाई बताईएको ।
मिति २०६१ साल फाल्गुन १९ गते राती ११ वजेको समयमा ३०/३५ जनाको समूहमा आए । बुवालाई २ जनाले छतको पुर्वबाट खसाली खुट्टामा तरवार प्रहार गरे । अरुले लुटपाट गर्न थाले । हाम्रो हात खुट्टा बाँधे । बुवालाई जहदी चोकमा लगेर खुकुरी प्रहार गरी मारे । उनीहरु मध्ये धेरैले रुमालले मुख बाँधेका थिए भने केहिले ज्याकेटले मुख छोपेका थिए । उनीहरुसंग बन्दुक सहितका हतियार थिए । बुवा गांउको वडाध्यक्ष हुनुहुन्थ्यो । माओवादीले केही समय अघि ४८ किलो धान चन्दा मागेका थिए र हामीले दिएका थियौ। के रिसीवीले मारे थाहाछैन। वुवाको गाउ र जिल्लासम्म नाँउ चलेको थियो। यही रिसईबीले मारे होलान् । बसवा नेपाली कांग्रेस समर्थित हुनुहुन्थ्यो भनी मृतकका छोरा कृष्णदेव चौधरीले अध्ययन टोलीलाई बताए । सोही दिन राती १० वजेको समयमा वडा नं. ६ का हकिम धोवीलाई माओवादीले हत्या गरेको समेत नाम बताउन नचाहने एक स्थानीयवासीले बताए ।
जहदी गा.वि.स. वडा ३ मा मारिएका तौलेश्वर प्रसाद कुर्मीको हत्या सम्वन्धमा स्थलगत अध्ययन पश्चात तत्काल माओवादीका मानिसहरु आई तिमिहरुले यो घटनाका बारेमा मानव अधिकारवादी संचार कर्मीलाई के के भन्यौं भन्दै धम्क्याएको भनी नाम भन्न नचाहने स्थानीयवासीले घटनाहरुको अध्ययनबाट फर्किदै रहेको अवस्थामा भयभित रहि बाटोमा आई अध्ययन टोलीलाई बताए ।

२०६१ साल फाल्गुन १५ गते राती १२ वजेको समयमा जहदी गा.वि.स. वडा नं. ७ रेहराका बैदुल्ला जोलाहा र मक्सुद आलमलाई गोलीहानी हत्या गरेको अध्ययन टोलीलाई जानकारी दिईयो । **मोहम्मद उमर** (मृतकका छिमेकीं) का अनुसार १०० जना जती सैनिक ड्रेसमा आएको देखेका थियौं । छापा मार्न आएको जस्तो हामीलाई लागेको थियो । उत्तर तिर रहेको मस्जिदमा बम पडक्यो र पछि गोली पडक्यो ।

**अब्दुल रहमान (मृतकहरुको बाबु)**
**वर्ष ६५ का**
२ दिन अगाडी पकडी गाँउका रफिक धोवी मोटरसाईकलमा आई मेरो जेठो छोरालाई धमौलीको प्रतिकार जुलुसमा लिई गएको थियो । २०६१ साल फाल्गुन १५ गते शनिवार राती १२ वजे तिरको समयमा हामी सुतेका थियौं । एक फायर चल्यो । त्यस पछि हामी उठेर बस्यौं । जेठो छोरो सुत्न गयो । अरु बसेका थियौं । ४०/५० जनाको मिलिट्री समूहमा आएका मानिसले हामी ३ जनालाई बाँधे । कान्छोले म खेति गर्ने मान्छे हुँ नर्मानुस भन्दा मार् सालेलाई भनी शुरुमा गोली हानी मारे । त्यस पछि माईलोलाई पनि गोली हानी मारे । मेरो जेठो छोरा सहित यस गाँउका र अन्य गा.वि.स. समेत १५/१६ सय मानिसहरु जुलुसमा गएका थिए ।

**बदरु निसा वर्ष ४५ (मृतकहरुको आमा)**
मेरो २ वटा छोरा मरे । राती १२ वजे तिनिहरु आएका थिए । मेरो छोरा बैदुल्ला जोलाहा र मक्सुद आलमलाई घरबाट बाहिर निकाली, छातिमा गोली हानेर मारे । घरमा बम हाली विस्फोट गराई क्षति पुऱ्याई दिए । सबै हतियार लिएर आएका थिए । धान, चामल माटोमा पुरे । ६ जोर कम्वल,४६,०००। पैसा लुटेर लगे । सबैले मुख छोपेका थिए ।

**रफिक कुन निसा (मृतकको भाउजु)**
कान्छो बाहिर सुतेको थियो । जेठो भित्र सुतेको थियो । आएका समूहले सबै परिवारलाई १०० मिटर पुर्वमा लगि घर लुटपाट गरी घरमा बम विस्फोट गराए । दुई भाईलाई घर अगाडि ल्याई छातीमा गोली हानी मारे ।

**बरईपुर गाविसमा ३ जनालाई जिउदै जलाईयो १ जनालाई कुटेर मारियो**

मिति २०६१ फाल्गुन ९ गते
समयः दिउसो १२-१वजे
स्थानः कपिलवस्तु जिल्ला, बरईपुर गाविस वडा नं.९

बरईपुर गा.वि.स. वडा नं.९ शुक्लबरईपुरमा मिति २०६१ साल फाल्गुन ९ गते आईतवार २५०/३०० जनाको समूह पश्चिम तिरबाट आयो । दिउसो १२/१ वजेको समय थियो । यी माओवादीका घर हुन यिनीहरुलाई मारो, घरमा आगो लगाईदेओ भन्दै घरमा आगो फुकी (लगाई) दिए । शुरुमा रामबली पासीको घरमा आगो लगाई दिए । रामवली पासीलाई पिटदै दक्षिण तिरको चौराहामा लगे । मेरो गोठमा पनि आगो लागी नष्ट भयो भनी सोही स्थान निवासी छिमेकी वर्ष ४५ का तमेश्वर बरईले बताए ।
सोही समूहले बेकारु पासीको पक्की घर घन बन्चरो आदिले हिर्काएर भत्काए । बेकारु पासिलाई कुटेर मारे । अंगत अहिरको घर जलाई दिए ।
मछाडे भन्ने सकुर पासी, रामवली पासी र अंगत अहिरलाई कुटदै लगि करिव ३०० मिटर दक्षिण तिरको खेतमा सिसौका मुढा र पराल हाली जिँउदै जलाईयो । आगो लगाँउदा छटपटाउदै थिए भनि जलाईएको ठाउँ देखाउदै घटनाका प्रत्यक्षदर्शी वर्ष ६५ का राम चरण पासीले अध्ययन टोलीलाई बताए ।

अध्ययन टोली उक्त घटनास्थल पुगी अवलोकन गर्दा जलाईएको ठाँउमा दाँत बंगारा, खप्पर, करङ र अन्य हाडहरु जलेर बाँकी रहेको र वरिपरी अलिअलि पराल तथा जलेर बाँकी रहेका सिसौका साना मुढाहरु पाईयो । प्रत्यक्षदर्शी राम चरण पासीका अनुसार स्थानीय जमीन्दार हरिवंश नाथ शुक्लाले उनीहरुलाई खोजी खोजी मारेको भनी बताए । साथै उक्त समूहमा कृष्णनगरका गुड्डु बाहुन र स्थानीय गाँउका मानिस समेत आएका थिए भनि अध्ययन टोलीलाई बताए ।
अहिले पनि माओवादी र सैनिक दुवै आउँछन । हामीलाई दुःख दिन्छन । उक्त दिन सो समूहमा सुरक्षा फौज ड्रेसमा आएको देखेनौं भनी स्थानीयवासी मृतकहरुको छिमेकी कल्लु मुराउले अध्ययन टोलीलाई जानकारी दिए ।
उनीहरुको घर जलाई किन मारेको भन्ने अध्ययन टोलीको जिज्ञासामा स्थानीय तमेश्वर बरईले प्रतिकार समूहले त्यसो गरेका हुन् । मर्नेहरु माओवादी कार्यकर्ता भएरै होला भनी बताए । मृतकका परिवार समेत अन्य केहि परीवार त्यहाँबाट विस्थापित भएको अध्ययन टोलीलाई स्थानीय वासिन्दाले जानकारी दिए ।



**बरईपुर गाविसका ३ जनालाई जिउदै जलाईएको स्थानमा बाकी रहेको हाडखोर र खरानीहरु**

**गणेशपुरको घटना**
**ईन्द्र बहादुर भुजेल, वर्ष ४९(घटनाका कारक व्यक्ति)**
**कपिलवस्तु जिल्ला गणेशपुर गाविस वडा नं. ४**

म १६ वर्ष देखि यस गणेशपुरमा बसेको छु । केहि समय अघि देखि हामी गाउँलेहरु माओवादीको छत्रछायाँ र सुरक्षामा बसेका थियौं । मिति २०६१ साल फाल्गुन ५ गते साँझ ६ वजे माओवादीको ५ जनाको समूहले तपाईसँग केहि बुझ्नु पर्ने छ भनी मलाई घरबाटै अपहरण गरी वडा नं.७ को दत्तपुर भन्ने स्थानमा लगि तपाईलाई गाउँ जनसरकारले दिएको रिर्पोट अनुसार अनुसन्धानका लागि ल्याएका हौं भनी दुवै हात र आँखामा पट्टी बाँधी लालपुरमा लगि बाखाका खोरमा राखे । विहान दिशा पिसाव गराउनका लागि पट्टी खोली दिए । दिशा पिसाव गरी सके पछि पुनः खोरमा थुनेका थिए । त्यसै समयमा मेरो गाउँबाट गाउँलेहरु मलाई छुटाउन भनी रोशन भन्ने सिताराम बानियाँलाई समाति लिई आएको मैले देखे । मलाई थुनिएको बाखाको खोर गाउँलेले तोडी मलाई बाहिर ल्याउनु भयो । म सहित सिताराम वानिया र अलि अख्तरलाई त्यहाँबाट हिडाउँदै गर्दा गाउँलेले  पिटदा पिटदै मारे । दुधनाथ तेलीलाई शसस्त्र प्रहरी क्याम्पमा काम लगाई दिएको भन्ने उजुरी दुखि तेलीले दिएको भन्ने आरोपमा अपहरण गरीएको भनी मलाई जानकारी दिएको थियो ।

**सुनिल घले मेजर, अस्थाई वेश क्याम्प, गणेशपुर**

भु.पु. असई इन्द्र बहादुर भुजेल र दुःखी गुप्ता तेलीलाई २०६१।११।५ गते माओवादीहरुले अपहरण गरी लालपुरमा लगि हात खुट्टा बाँधेर राखेको र गणेशपुरबाट ३०० जना जनता गई ईन्द्र बहादुर भुजेललाई बाखाको खोरमा राखेको थाहा पाई छुटाएर ल्याई २ जना माओवादीलाई प्रशासनमा बुझाउन ल्याउँदा बाटैमा पिटेर मारेछन् । अहिले जनताहरुबाट Village Defence Force (VDF) को अवधारणा अगाडि सरेको छ । जनताहरुले हामीसँग सुरक्षा र हतियारहरु मागिरहेका छन् । हल्लानगरमा रुकुम रोल्पा लगायतका मानिसहरु बसेका छन् । माओवादी प्रतिकारमा उत्रेको मासले त्यहाँका घर जलाएको हो ।

पहाडि र मधेशी वीचको द्वन्द्वको कुरा पछि मात्र आएको हो । घटना पछि CDO समेत आई निरीक्षण गर्नु भएको छ । जिल्ला भरी आज सम्म २२ जना मारीएका छन् । ६ गते १२ जना मरे ।
मेजरका अनुसार ति २२ जनाहरु निम्नानुसार छन् ।

1= रोशन अली अख्तर, तौलिहवा
2= सिताराम गुप्ता, सिरसीहवा-५
3= रामवली मोरिया
4= राम चरित्र पासी, सिरसीहवा-८
5= कवतराम केवट
6= शिखर कहार
7= बाबुराम उपाध्याय, भगवानपुर
8= सुन्दर मोरीया
9= बेकारु पासी
10= बादु पासी
11= सोम पासी
12= गोवरे कोरी
13= जीवन भन्ने विष्णु पन्थी
14= रामलाल डाला मगर
15= भिंकन यादव
16= ईनातुल्ला मुसलमान
17= रजमान मुसलमान
18= दुखी कोरी
19= रामकरन बरै
20= पुस्कर यादव
21= तिलकराम भण्डारी
22= छोटेलाल पासी

म आई सकेपछि प्रत्येक जुलुसमा हाम्रो सुरक्षा फौज हिडेको छ । त्यस्तो अवस्थामा घर जलाउने लुटपाट गर्ने काम भएको छैन । जुलुसमा सवै एउटै विचार नभएकाले उट्पटयांग मानिसले त्यसो गरे । अहिले पनि जनतामा डर त्रासको भावना व्याप्त छ । हल्लानगरमा माओवादीले ३ फायर गरेको र २ ग्रीनेट पट्काए पछि आगो लगाईएको हो भन्ने सुनेको हो ।

**दुधनाथ तेली, (अपहरीत दुखि तेलीको छोरा)**
**वर्ष २५,**
**जिल्ला कपिलवस्तु**
**गाविस गणेशपुर**
**वडा नं.२**

म बम्बैबाट ४ महिना अगाडी आए । त्यस दिन माओवादीले मेरो घरमा खाना बनाउन भनेका रहेछन् । मैले माओवादीले दिने गरेको दुःख र अन्यायको कुराहरु असई ईन्द्र बहादुर भुजेलसँग गर्ने गर्दथे । केहि महिना अघि गाँउको एकजनालाई माओवादी भनी शसस्त्र क्याम्पमा राखिएको मा म पनि क्याम्पमा गई उसलाई भेट्ने अवसर पाए । मैले प्रहरीमा माओवादीका मान्छेहरु भनी दिन्छु तर मेरो नाम नभन्नु होला भने । केहि समय अघि दिउसो २ वजे देखि मेरो गाँउमा माओवादीले झण्डा गाड्न थाले र म दिउसो कृष्ण नगर गएको थिए । ईन्द्र बहादुर भुजेलले बम्बै गएको भनी दिनु भएछ । बुवालाई माओवादीले छोरा आर्मीमा सुराकी गर्न गयो त्यसलाई बोलाउ भनेका रहेछन् । बुवाले माओवादीमा ईन्द्र

बहादुरका विरुद्ध सहयोगका लागी निवेदन दिनु भएको रहेछ । त्यस पछि माओवादीले बुवालाई अपहरण गरेका छन् । म अहिले पनि क्याम्प मै बसेको छु ।

**चन्द्र भारती**
**गणेशपुर वासी**
अध्ययन टोलीले वेश क्याम्प गणेशपुरका मेजर सुनिल घलेसँग कुरा गर्दाकै अवस्थामा सुरक्षा माग्न आएका चन्द्र भारती माओवादी प्रतिकार समितिको उपाध्यक्ष समेत रहेको त्यहाँ उपस्थित एकले बताए ।

माओवादीहरु शुरुमा बदमासहरुलाई ठिक गर्छौ । जमीन्दमारलाई ठिक पार्छौ, जनतालाई सहयोग गर्छौ, जनताका पक्षमा काम गर्छौ, गरिबलाई जग्गा बाँडी दिन्छौं भनेर गरिबलाई आफ्नो पक्षमा लिए । पछि यति जनालाई खाना पकाउन भन्थे, कुला खन्न जान भन्थे, चन्दा माग्ने कार्यहरु गरे, जवरजस्ती उनीहरुको काममा लगाए । उनीहरुको पार्टीमा छोरा छोरीहरु लगिदिए । हामीलाई शोषण गरे । हामीबाट लिएका सहयोगहरु आफ्नो स्वार्थमा खर्च गरे । पहिला अक्बल खाँलाई काटे । हामी यहाँबाट हल्लानगर जाँदा बन्दुक पडकाएर, बम पडकाएर आगो लगाए । रेश्मा, मदन, निसा लगायतका माओवादीलाई नपक्रदा सम्म यो प्रतिकार रोकिदैन । हामीसँग अहिले जनताको सुरक्षाका लागि केवल लाठी मात्र छ । उनीहरुसंग दुस्मनी उठाएका छौं । हाम्रो सुरक्षा चाहियो भनि अध्ययन टोली र सुरक्षा बेस क्याम्पसंग भने ।

**अध्ययन टोली असुरक्षित**
घटनाको शुरुवात स्थल गणेशपुरमा अध्ययन टोली पुगि सकेपछि त्यहाँको वातावरणले अध्ययन टोली प्रति पनि स्थानीय वासीन्दा आक्रोश भएको देखिन्थ्यो, मानव अधिकारकर्मी र संघ संस्थाहरुले माओवादीहरुले विगत केही वर्षदेखि गरिरहेको श्रृखलावद्ध ज्यादतीको विरुद्धमा नवोलेको र स्थानीय जनता प्रतिकारमा उत्रने वित्तिकै प्रतिकार समितिको विरुद्धमा वोलेको भन्ने आरोप पनि स्थानीय वासिन्दाहरुले अध्ययन टोलीलाई लगाएका थिए ।
अध्ययन टोली घटनाको सम्वन्धमा बेशक्याम्पका मेजरसँग कुरा गरी निस्कदा एक स्थानीय बासीन्दाले हामीहरुले गाडीमा झण्डा नदेखेको भए अघि नै तोडफोड गरि मान्छेलाई कुट्थ्यौं भनी टोली समक्ष राखेका थिए । उक्त असुरक्षाको अवस्थाका कारण अध्ययन टोली घटनास्थलमा पुग्न सकेन ।

## हल्लानगरको आगजनी

जिल्ला :- कपिलवस्तु
गा.वि.स. शिवपुर
वडा नं. ५
घटना मितिः- २०६१ फागुन ९ गते आईतवार
समयः- दिउसो ३ वजे
घटना स्थलः- शसस्त्र प्रहरी बेश क्याम्प चनौटादेखी करीव १ किलो मिटर पश्चिम अवस्थित रहेको छ ।
मिति २०६१।११।९ गते दिउसो ३ वजेको समयमा पुर्व तर्फबाट आएको समूहले माओवादीहरुको घर वस्ती भन्दै प्रत्येक घरमा आगजनी गरेको पाईयो । जम्मा ३२३ घर मध्ये ३०६ घर पुर्णरुपले जलेर नष्ट भएको पाईयो (पर्ण विवरण हेर्नुस अनुसुची) । आगजनी गर्ने समूहमा दश एघार वर्षका केटाकेटी देखि बुढा सम्मका मानिसहरु आएको पाईयो । घटना हुँदा लुटपाट, कुटपिट, हत्या र आगजनी गरेको पाईयो । भाग्दै गरेका प्रेम बहादुर रास्कोटीलाई लाठी, भाला र बन्चरो प्रयोग गरी हत्या गरेको र केहिलाई कुटपिट गरी घाईते बनाईएको पाईयो । घटना शुरुवात भएको आधा घण्टा पछि सुरक्षाफौजको  उपस्थिती रहेको तथ्य अध्ययन टोलीले प्राप्त गऱ्यो । घरमा आगजनी गर्दा लत्ता कपडा र खाने कुरा समेत जलाईएको तथ्य प्राप्त भयो । घटनाबाट पिडित भएका परिवारहरुसंग कुनै खानेकुरा छैन । जलेको घरमा त्यसै

बसेर रात विताउने गरेको पाईयो । अध्ययन टोली पुग्दा पिडितहरु डरले त्रसित देखिन्थे । उनीहरुका निमित्त  तत्काल सुरक्षा र राहतको आवश्यकता रहेको तथ्य अध्ययन टोलीले प्राप्त गऱ्यो ।



**शिवपुर गा.वि.स. हल्लानगरमा प्रतिकार समूहले आगजनी गरे पछिको दृश्य**

## दिलमाया बुढा (पिडित)

दिउसो ३ वजेको समयमा पुर्व तर्फबाट ५०० जना जतीको समूह आयो । उक्त समूहमा मधेशी मानिसहरु थिए । तिनिहरुले माओवादीका घर भनी आगो लगाए । उनीहरुले प्रत्येक घरमा आगो झोसे । तत्कालै सुरक्षा फौज आयो । हामीसंग के भएर यस्तो भएको भनेर सोधेका थिए ।  उनीहरु २ ट्रक थिए । यहाँ भएका ३२३ घर मध्ये १८ घर मात्र बचेको छ । अरु सबै जलाईए । आगो लगाउँदा निकालिएका सामान पनि सबै जलाई दिए ।

मेरो ४ जनाको परिवार छ । फुसले छाएको घर थियो जलेर नष्ट भयो । मेरो २ वटा बच्चा छन् । अहिले ओढने ओछ्याउने केही छैन । खुल्ला आकासमा सुत्छौं । अन्यत्र आगो लगाउँदा अलिकति सामान निकालेको थिएँ । त्यहि सामान माथि पनि खानेतेल छर्केर आगो लगाई दिए । खानेकुरा केहि छैन । जलेर बचेको  यही बाहिर सुकाएको मकैको च्याँख्ला (४ माना जती) मात्र बाँकी छ । गाउँलेले उठाएर दिएको एक पराट चामल थियो त्यहि पनि सकियो । यो ठाँउमा ३ वर्ष देखि बस्दै आएका छौं । आफ्नो मान्छेले सुकुम्वासीको लागि जग्गा खुलेको छ भनेर गुल्मीबाट यहाँ आई बसेका हौं । अहिले सम्म दर्ता भएको छैन् । घर जलाउनेहरुले यीनिहरुलाई यहाँबाट उठाउनु पर्छ भन्छन रे । कहाँ गएर बाँच्ने होला । दुःखि मान्छेले कहिँ गएर पनि सुख नपाईने भो । यहि जलेको घरमा पनि आतंकित अवस्थामा छौं । लौन हजुर केहि गरि दिनु पऱ्यो ।

### देउमता सुनार (पिडित)

उक्त समयमा दश एघार वर्षका केटाकेटी, जवान र बुढा गरी तिनै थरीका मानिसहरु आएका थिए । तिनीहरु मध्ये १ थरीले लुटपाट गर्ने, अर्को थरीले आगो झोस्ने र अर्को समूहले मान्छेहरुलाई कुटपिट गरे । कुटपिट गरेका कारण एक जनाको मृत्यु भयो । आगो लागेको आधा घण्टाको समयमा सुरक्षा फौज आएको थियो ।

### लक्ष्मी परियार (पिडित)

अहिले जुलुस आउदै छ रे । अव हामी कसरी बाँच्ने । हामी दिनरात ज्यान बचाउन गाह्रो भयो भन्दै अध्ययन टोली समक्ष उपस्थित सबै रुँदै गुहार गर्दै थिए । पहाडिया सबैलाई यहाँबाट खेद्ने भनेर भारतबाट देशिहरु र चनौटाबाट समेत आँउदै छन् रे अब के गरौं । हजुर ! हाम्रो त विचल्ली भयो ।

### खुमानसिंह परीयार (पिडित)

आगो लगाउनु भन्दा पहिले एउटा टिमले फायरीङ गऱ्यो । अर्को टिमले पुर्वबाट आगो लगाउन शुरु गरे । अर्को टिमले पिटने, मार्ने, लुटने गऱ्यो । भएका सामान, रेडियो, पैसा लुटेर लगे । उनीहरुले माओवादी भन्दै आगो लगाए । प्रेम बहादुर रास्कोटी भागेर लुक्न जाँदा लाठी, भाला र बन्चरोले हानी मारे । १५/१६ जनालाई लौराले कुटेर घाईते बनाए । यहाँ भएका ३२३ घर मध्ये १८ घर मात्र बाँकी छन् । अरु सबै जलाई दिए । केटाकेटीका पढ्ने पुस्तक समेत जले जलेका झुपडीमा त्यसै पल्टेर रात बिताउछौं ।

**देव बहादुर खत्री (पिडित)**
हामी बसेको जग्गाको लालपुर्जा छैन । छोराले शिवपुर चन्द्रौटामा रिक्सा चलाएर कमाएको पैसाले जिवन गुजारा गरेका थियौ । आगो लगाउन २५००/३००० जति मानिसहरु आएका थिए । उनीहरु मुस्लिम र मदेशी समुदायका थिए । हात हातमा लाठी, भाला, बन्चरो, हँसीया, खुकुरी, चक्कु थिए । भुमी देवी खत्री मेरी बुहारी हुन । बलात्कार गरीएको भनिएको मलाई थाहा छैन । उनी अली सुस्त मनस्थितीकी छन ।

**राम परीयार (पिडित)**
आगो लगाउनु भन्दा पहिले ३ चोटी फायरीङ्ग गरे, २ सकेट बम पड्काए । तिनीहरुले नै सबै घरमा आगो लगाए । आगो लगाउनेहरुले पेस्तोल,गन समेत लिएर आएका थिए । हामीहरु यहाँ बसेका सबै सुकुम्वासी हौं । आगलागी गर्नेहरुले १५ जनालाई कुटपीट गरे । गोठे बुढा मगरको टाउको फुटेको छ । प्रेमलाल बुढा मगरको हात भाँचिएको छ । उनको सेनाले सामान्य उपचार गरी पठाई दियो । प्रेम बहादुर रास्कोटीलाई बन्चरो, भालाले हानेर मारे । अरु भागा भाग भयो ।

**भिउ पुन वर्ष ६२**
आगो लगाउन लाग्दा मैले भित्रबाट मकै निकाल्न लागेको थिए । एउटाले चक्कु निकाल्यो । अर्काले लौराले मलाई हिर्कायो । म त्यो चोटले पल्टीए । तेरो बाँच्ने खैरत छैन जहाँबाट आएको हो त्यही ठाउँमा जा भन्दै दुवै खुट्टामा लाठीले र छातीमा बक्सीङ्गले हाने ।

**कुदरबेटुवाको घटना**

घटना : मिति २०६१ फाल्गुन २३ गते
समय :राती ११.१५ वजे
जिल्ला कपिलवस्तु
गाविस विरपुर
वडा नं.५, कुदरवेटुवा

मिति २०६१ साल फाल्गुन २३ गते राती ११.१५ बजे चनौटा देखि करिव ४ किलोमिटर दक्षिणमा रहेको डा. मन्जुर खाँ समेतको घरमा आक्रमण गरी घरमा बम विस्फिोट गराई आगजनी गरी गोली र बन्चरो तथा खुकुरी प्रहार गरी २ जनाको हत्या गरेको पाईयो । स्थानीयबासी सिराज खानका अनुसार माओवादीले उक्त घटना गरेको बताए । फजलुर रहमान र खालिद खाँ को मृत्यु भएको रहेछ । उक्त घटनामा ३ वटा पक्की घर ध्वस्त भएको र गोठमा बाधिएका २० वटा भैसी जलाईएको जानकारी लिईयो । अध्ययन टोली उक्त स्थानमा पुग्दा एउटा भैसी मात्र फ्याक्न बाँकी रहेको थियो । मोटर साईकल २, टेक्टर २, पम्पसेट १, कार १ समेत घरमा भएको अन्नपात नष्ट भएको पाईयो । मृतक मध्ये खालिद खाँ को कन्चट, छाती र कोखामा गोली लागेको र फजलुर रहमानलाई टाउकोको दायाँ भागमा बन्चरो र दाया गालामा खुकुरी तथा छातिमा गोली लागेको थियो ।
घटनाका मृतक मध्ये फजलुर रहमान चनई गाविसकी **सिता जि.सी.को बलात्कार**को घटनामा आरोपित व्यक्ति हुन । उक्त घटनामा स्थानीय सिराज खान र शरद समाज कपिलवस्तुका उमेश पौडेलको साथ पुग्दा त्यहाँ भएका पिडित मध्ये केहिले नेपालका मानव अधिकारवादी सबै माओवादीसँग मिलेका छन भनेर आक्रोस समेत देखाएकाले असुरक्षाको स्थिती अध्ययन टोलीले भोग्नु पऱ्यो ।



माओवादीद्वारा भैसीबाधेको गोठमा भैसी खोल्न नदिई आगो लगाउदा मरेका २० भैसी मध्येको एक भैसी

**चनई गाविसको बलात्कारको घटना**
मिति २०६१ फाल्गुन ९ गते
समयः दिउसो ३.०० वजे
जिल्ला कपिलवस्तु,
गाविस चनई
वडा नं.९
चनई गा.वि.स. वडा नं. ९ मदहवा वस्ने वर्ष ११ की सिता जि.सी. लाई मिति २०६१ साल फाल्गुन ९ गते दिउसो ३ वजेको समयमा माओवादी प्रतिकारको रुपमा आएको भनिएको ३ वटा जुलुस मध्ये अन्तिम जुलुसमा संलग्न रहेका विरपुर गा.वि.स. वडा नं. ५ कुदरवेटुवा वस्ने फजलुर रहमान समेतका मानिसले बलात्कार गरेको भनिएको । बलात्कार गर्ने मध्ये फजलुर रहमानको मिति २०६१/११/२३ गते राती भएको घटनामा मृत्यु भएको पाईयो ।

पिडितलाई पहिलो दिन चनौटाको प्रकाश मेडिकल हलमा उपचार गराईएको अध्ययन टोलीलाई जानकारी गराईयो । मिति २०६१ फाल्गुन २४ गते अध्ययन टोली चनौटामा पुग्दा विरपुर-५ कुदरवेटुवामा भएको घटनाका कारण चनौटा वजार बन्द रहेको र सो घटनाको कारण उत्पन्न भयावह स्थितीले अध्ययन टोली समेत असुरक्षित भएको कारणले त्यसको यकिन तथ्य प्राप्त गर्न नसकेको साथै असुरक्षाको अवस्थाका कारण बलात्कृत भएकी पिडित बालिकाको घरमा गई पिडितसंग सोधपुछ गर्ने वातावरण अध्ययन टोलीलाई भएन् ।

बलात्कृत भएकी बालिकाको तौलिहवा स्थित पृथ्वी विर अस्पतालमा उपचार गराईएको र जाँच गरिएको पाईयो । अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा. अल्ताफ हुसेन खाँसँग अध्ययन टोलीले मिति २०६१ फाल्गुन २५ गते भेट गर्दा बलात्कृत बालिकाको स्वास्थ्य परिक्षणमा म आफै (डा.अल्ताफ हुसेन खाँ), वरिष्ट स्टाफ नर्स हिरा राना र ल्याव टेक्नीसियन रहेको भनी मेडिकल सुपरिटेन्डेन्टले बताए ।

डा. अल्ताफ हुसेनका अनुसार घटना भएको ३ दिनको अन्तिम समयमा पिडितलाई ल्याईएकोले कुनै सिम्टम (संकेत) नदेखिएकोले बलात्कृत भए नभएको एकिन भन्न सकिने अवस्था छैन । आँखा छोपेर बलात्कार गरेका हुन भनी पिडितले हामीसँग बताएकी हुन ।

**घटनाका सम्वन्धमा जिल्ला प्रहरी कार्यालयको भनाई**
सो सम्वन्धमा कपिलवस्तु जिल्ला प्रहरी कार्यालयमा बुझ्दा मुद्दा फाँटका सई केशव वस्नेतले डि.एस.पि. विजय भट्ट वाहिर जानु भएकाले उहाँको अनुमती वेगर बोल्न नमिल्ने बताउनु भयो ।

कपिलवस्तु नगरपालिकाका स्थानीय बासी भेषराज पाण्डेका अनुसार बलात्कृत भएकी बालिकालाई ५ दिन सम्म जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा राखी उपचार गराईएको हो ।

**घटनाबारे जिल्ला प्रशासन कार्यालय कपिलबस्तुका प्रमुख जिल्ला अधिकारी मोदराज डोटेल को प्रतिक्रिया निम्न बमोजिम रहेको पाईयो :**

टोलीले भेटेको मिति : २०६१।११।२३
समय : बिहान ७ :५५ बजे
भेटेको स्थान : जिल्ला प्रशासन कार्यालय कपिलबस्तु ।
**भनाई** :
घटनाका सृखला धेरै छन् । ६ गते देखि घटनाको शुरु भएको हो । गणेशपुर गाउँका पुर्व असई ईन्द्र बहादुर भुजेल र दु खी पासी घटनाका शुरुका पात्रका रुपमा देखिन्छन् । माओबादीले अपहरण गरेको दिन ६ गते देखि गाउँलेहरु माओबादीको प्रतिकारमा उत्रेका देखिन्छ । घटनाको सुचना हामीहरुले ६ गते नै पाएका थियौ । जनताको माओबादी प्रतिको आक्रोसबाट उत्पन्न प्रतिरोध रोक्न भन्दा ब्यवस्थापन गर्न आवश्यक थियो सो तर्फ लागियो । प्रत्येक ठाउँबाट माओबादी प्रतिकारमा जुलुसहरु निस्किएका थिए । जसका कारण मानिसलाई सुरक्षा पुऱ्याउन गाह्रो पऱ्यो । अहिले सामाजिक हिसावले पनि संबेदनशिल रहनु पर्ने अवस्था आएको छ । शिवपुर हल्लानगरको घटनाले हिन्दु र मुसलमान बीच दंगा हुन लाग्यो । यो कुरा बिगत देखि आन्दोलन चलाउने पक्षले बुझि दिनु पऱ्यो । अव कतिलाई पिडा पुऱ्याउने । कति मान्छेले पिडा सहनु परीरहेको छ यसको बिश्लेषण हुनु पर्दछ । प्रथमत यो घटनाको सुरुवात किन भयो भन्ने बारेमा बिचार पुऱ्याउनु पर्दछ । माओबादीको प्रति हिंसाका कारण मानिसहरु बिस्थापित पनि भएका छन् । जनशक्ती प्रदर्शन, प्रतिकारले धार्मिक बिवाद समेत निम्त्याउन सक्ने भएकाले हाम्रो पहलबाट मधेसी र मुस्लिम समुदायलाई नै परीचालन गरी उनीहरुबाट चन्दा संकलन गर्न लगाई पिडीतलाई राहत बितरण गर्ने काम गरेका छौं । पिडीतको पुनः स्थापनाको कुरामा जिल्ला स्तरबाट केही गरीएको छैन । यसको रिपोर्ट केन्द्रमा गरीएको छ । यस घटनाका कारण २५,००० जति घर छाडेर भारत तर्फ लागेका छन् । भारतीय मिडीयाहरुले हाम्रो राष्ट्रियतामा प्रश्न चिन्ह लगाएका छन् । नेपालीहरु भारतमा शरणार्थी हुन गएकोमा दुःख लाग्छ । हाल भएका घटनास्थल मध्ये थुनिया गा.बि.स,.शिवपुरको हल्लानगर अबैधानिक र अब्यबस्थित बस्तीहरु हुन । त्यहाँ जनता सरकारको स्वीकृती बेगर बसेका हुन । यो क्षेत्रका मानिसले सुनियोजित रुपमा माओबादीलाई पाल्ने आश्रय दिने कुरा आएका छन् । तर प्रशासनले अबैधानिक बस्तीलाई हटाउने नाममा यस्तो गलत तरीका अपनाउन जरुरी छैन । समाजमा सहिष्णुता कायम राख्नका लागी धेरै प्रकारका कम्पोनेन्ट लाई परीचालन गर्नु पर्दछ । थुनिया र हल्लानगरमा जग्गाको बारेमा प्रश्न चिन्ह छ । हल्लानगरका आधा मान्छे पेन्सनायर छन् । हल्लानगरका जनतालाई माओवादीले प्रयोग गरेका छन् । मैले तपाईहरुसँग पोलिटिकल साईडमा कुरा गर्न सक्दीन । पिडीतलाई प्रशासनले राहत दिएको छैन । नागरीक समाजलाई मधेसी र मुस्लिम समुदाय मार्फत नै राहत प्रदान गर्नका लागी अभिप्रेरित गरेका छौं । राहत दिने बिषयमा म संबेदनशिल छु । तर यसका लागी मैले केन्द्रमा रिपोर्ट गरी सकेको छु । प्रतिकारमा ५०, ६० किलोमिटरको दुरीमा जुलुस निस्कन लागे पछि जातीय सहिष्णुता बिग्रन्छ की भन्ने टेन्सन पनि भयो । यो घटनाको उत्पत्ती माओबादी हत्या हिंसाका कारणले भएको हो । यस जिल्लाका लवनी क्षेत्रका जनता घटनाका कारण देशमा सुरक्षीत रुपमा बस्न नपाएर बिस्थापित भई शरणार्थीको रुपमा भारतमा जाँदा दुःख लागेको छ । घटनाको शुरुवात भै सके पछि माओबादी प्रतिकारको जुलुसलाई हामीले रोक्न पट्टी नलागी जुलुस शान्तीपुर्ण र उद्देश्यमुलक हुन पऱ्यो । स्वतःस्फुर्त माओवादी विरुद्ध उत्रेको जुलुसलाई रोक्नु भन्दा व्यवस्थापन गर्न आवश्यक थियो सो तर्फ लागीयो । तर प्रतिकार

जुलुसमा असामाजिक र गैर राजनितिक कुतत्व पसे पछि त्यस्ता घटना भएका हुन् । हामीले प्रतिकारका जुलुसका कमजोरी पत्ता लगाएर सामाजिक सहिष्णुता कायम राख्न प्रयास गऱ्यौ । समन भन्ने बिदेशी पत्रकारले शिवपुर हल्लानगरको घटनालाई टारगेट बनाएर लेख्ने काम गरेकाले घटनालाई थप उचाल्न मद्दत गऱ्यो । हल्ला नगरमा प्रतिकारको मास पुग्दा पुग्दै माओबादीले २ वटा सकेट बम पट्काएको आवाज आएको रहेछ ।

**नागरिक समाजसँग भेट**

अध्ययन टोलीले घटनाको बारेमा नागरिक समाज र मानव अधिकारकर्मी बीच छलफल कार्यक्रमको आयोजना गरी घटना बारेमा उहाँहरुको धारणा लिएको थियो ।

भेटघाट गरेको मिति : २०६१।११।२३ गते

समय : बिहान ९ बजे ।

भेटभाट र छलफल गरेको स्थान : कपिलबस्तु जिल्ला, तौलिहवा न.पा. गेष्ट हाउस ।

भेटघाट छलफल कार्यक्रममा निम्न बमोजिमका पदाधिकारीको उपस्थिति रहेको ।

| क्र.स. | नामथर | संस्था | पद |
|---|---|---|---|
| १ | भोजराज खनाल | हुर्लेस्क | कायक्रम संयोजक |
| २ | विश्वराज खनाल | के.व.स.बि.स. | अध्यक्ष |
| ३ | नारायण प्रसाद पौडेल | नेपाल पत्रकार महासंघ | जिल्ला अध्यक्ष |
| ४ | पोम नारायण पौडेल | शान्तीका लागी नागरीक समाज मंच कपिलबस्तु । | अध्यक्ष |
| ५ | राजेश शाक्य | गै.स.स.महासंघ कपिलबस्तु | अध्यक्ष |
| ६ | नन्दराम पौडेल | ईन्सेक कपिलबस्तु जिल्ला प्रतिनिधि | बर्ष पुस्तक प्रतिनिधि |
| ७ | शिव प्रसाद बश्याल | आर.एस.डि.सी. तौलिहवा | कार्यक्रम संयोजक |
| ८ | तिलक आचार्य | बुटवल | पत्रकार |
| ९ | ओम प्रकाश अर्याल | मानव अधिकार संरक्षण मंच कपिलबस्तु | अध्यक्ष |
| १० | सुरेश कुमार गौतम | यातना पिडीत सरोकार केन्द्र नेपालगंज | संयोजक |
| ११ | बसन्त गौतम | एडभोकेसी फोरम | कानून अधिकृत |
| १२ | राजेश निरौला | नेपाल बार एसोसियसन मानव अधिकार परीयोजना | कार्यालय प्रमुख |
| १३ | प्रकाश उपाध्याय | हिम राईट् लाईफ लाईन | लाईफ लाईन अधिकृत |
| १४ | लुमा सिंह बिश्वकर्मा | अनौपचारीक क्षेत्र सेवा केन्द्र ईन्सेक | मानव अधिकार सन्धी अनुगमन अधिकृत |

**शिव प्रसाद बस्याल**

**कार्यक्रम संयोजक, आर एस डि.सी तौलिहवा**

गणेशपुरको घटना स्वतस्फुर्त रुपमा जनताले गरेको भनिए तापनि त्यो संकास्पद छ । मान्छेको भिड थुप्रो थियो । त्यस पछि दिन प्रति दिन घटना बढ्दै गयो । जुलुसमा दक्षिण पश्चिम भेगमा मान्छेको सहभागिता बढी थियो । संयौको संख्यामा मानिस जुलुसमा सहभागी थिए । जुलुसले लुटपाट गर्ने कार्यमा लागेको भन्ने बुझियो । लुटिने क्रम ज्यादै भयो । बरईपुरमा ४ जना मान्छे मारीएका थिए । आक्रोसपुर्ण भिडले बरईपुर गाउँका मानिसलाई कुट्ने पिट्ने पनि गरे । बरईपुरको सन्दर्भमा माओबादीले हरीबंश लाल शुक्लालाई कुटपिट पारी सख्त घाईते पारेकाले प्रतिशोधात्मक रुप लिएको कुरा गाउँलेले बताएका छन् । थुनिया, मानपुर,बलरामपुर उदयपुर,बरईपुर, अजिगरा,कुशहवा,बजरहवा,हरदौना,सोमडीह, बैदौलीका १३२ घर जलेका र ३५ घर लुटिएका छन् । घर जलेका लुटिएकालाई खान बस्नका लागी समस्या रहेको छ । हाल हल्लानगरको घटनाले बढी चर्चा पाएको छ । त्यहाँ सरद समाज भन्ने संस्थाले ११ बोरा चिउरा र केही भेली दिएको छ भने उद्योग ब्यापार संघ कपिलबस्तुले ४१

क्वीन्टल चामल दिएको छ । पिडीत परीवारलाई राहत बितरणको लागी डोनरहरुको बिचमा कोअर्डिनेसन भएर राहत बितरण भएको खण्डमा राम्रो होला । राहतका लागी एक नेटवर्क बनाएर जानु पर्ने आवश्यकता छ ।

**नारायण प्रसाद पौडेल**
**अध्यक्ष, नेपाल पत्रकार महासंघ कपिबस्तु**

हामीले सामाजिक  संरचनालाई ख्याल राख्नु पर्दछ । अरु घटना पनि हुन सक्ने संभावना छ । पहाडीया मधेसी, हिन्दु, मुस्लिम बिच साम्प्रदायिक  सद्भाव गुम्ने संभावना भएको छ ।  शिवपुरको हल्लानगरमा घटना नघटेको भए  यहाँ मानव अधिकारबादी आउने थिएनन् । माओबादीले पनि आफ्नो पुनः मुल्याङ्कन गरी सच्चीएर आउनु पर्दछ ।  एक घर एक ब्यक्ति को निति माओबादीले लिए जस्तै गाउँलेले पनि प्रतिकारमा यही निति अपनाएकाले यो स्थिति आएको हो । माओबादीको राज्यसत्तासंग मात्र बिद्रोह हुनु पर्‍यो जनता संग होईन । हालको घटनाका कारण बिस्थापित भएका जनतालाई निम्न बमोजिमका बर्गिकरण गर्न सकिन्छ ।

१. नेपालमा पनि भारतमा पनि घर भएका घटनाका कारण भारतमा गई बसोबास गरेका ।
२ भारतमा नातेदार रही घटनाका कारण भारतमा गई नातेदारकोमा बसोबास गरेका ।
३ भारतमा कोही पनि नभई बगैचामा पाल टागेर बसोबास गरी छोरा छोरीलाई माग्न लगाई त्यसैबाट गुजारा चलाएका ।

**उपस्थित अन्य सहभागीहरुको भनाई**

यसै गरी उपस्थित अन्य महानुभावहरुले घटनामा परेका पिडीत पक्षहरुको राहत र सुरक्षाको निमित्त नागरीक समाज बिभिन्न संघ संस्थाको ध्यानाकर्षण हुन आबश्यक छ भन्नु भयो । यो घटनाले अन्तर्राष्ट्रिय रुप लिएको छ । यदी यो क्रम बढ्दै जाने हो भने साम्प्रदायिक हमला हुने देखिन्छ । सामाजिक सद्भाव कायम राख्नु पर्दछ । त्यसरी प्रयास नगरेको खण्डमा यो घटना क्रममा साम्प्रदायिक, सामाजिक, सास्कृतिक, धार्मिक हिसावले  द्वन्द्वको रुप लिने संभावना देखिन्छ । घटनाको शुरुका दिनहरुमा प्रतिकार समुह माओबादी विरुद्ध संचालित भए पनि पछिल्ला दिनहरुमा उच्छृंखल, अराजक तत्वहरुको घुसपैठ भै प्रतिकार समुहले आगजनी र लुटपाट गरेको कुरा सबै जसो महानुभावहरुले बताउनु भएको थियो ।

माओबादी प्रतिकारको समुहले आगजनी र लुटपाट गरेका गा.बि.स.हरुको बिवरण

| गा.बि.स. | वडा नं | गाउँको नाम | आगजनी आगजनी गरीएको घर सख्या | बिवरण |
|---|---|---|---|---|
| थुनिया गा.बि.स. | ५ | थुनिया | ५ | घर गोठमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| थुनिया गा.बि.स. | ७ | जालिमबगिया | ४० | घर गोठमा र कच्ची गोठमा आगजनी र घरका सामान लुटपाट |
| मानपुर गा.बि.स. | १ | मानपुर | १२ | घरमा आगजनी र घरका सामान लुटपाट |
| शिवपुर गा.बि.स. | ५ | हल्लानगर | ३०६ | घरमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| हरदौना | १ | हरदौना | २ | घरमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| हरदैना | ३ | हरदैना | ३ | घरमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| हरदैना | २ | हरदैना | १ | घर गोठमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| हरदैना | २ | अलगी | २ | घरमा र गोठमा आगजनी र घरका सामान लुटपाट |
| हरदैना | ७ | करैलिया | ८ | घरमा र आगजनी र घरका सामान लुटपाट |
| हरदौना | ८ | मुझहनी | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| हरदौना | ९ | मुझहना | ४ | घरमा र आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ३ | कजरहवा | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ४ | कजरहवा | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ५ | सोनबर्षा | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ६ | सोनबर्षा | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ७ | सोनबर्षा | २ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कजरहवा | ९ | सिंग्रहा | ४ | घरमा आगजनी र घरका सामान लुटपाट |
| सोरमाडह | ५ | सल्तानपुर | ५ | लुटपातमात्र गरीएको । |
| बेदैली | १ | बेदौली | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| बेदौली | २ | बेदौली | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कुशहवा | १ | | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कुशहवा | ३ | | २ | घरमा आगजनी र घरका सामान |

| गा.बि.स. | वडा नं | गाउँको नाम | आगजनी आगजनी गरीएको घर सख्या | बिवरण |
|---|---|---|---|---|
| | | | | लुटपाट |
| कुशहवा | ४ | | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कुशहवा | ६ | | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| कुशहवा | ९ | | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| बरईपुर | | | गा.बि.स.सवै वडामा गरी ८ घर | घरमा आगजनी र घरका सामान लुटपाट |
| अजिगरा | १ | अजिगरा | ३ | घरमा आगजनी र घरका सामान लुटपाट । |
| अजगरा | ४ | बिसुनपुर | २ | घरमा आगजनी र घरका सामान लुटपाट |
| अजगरा | ५ | नन्दनगर | ४ | घरमा आगजनी र घरका सामान लुटपाट |
| भलवारी | २,३ | | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| उदयपुर | १ | ईट्रोल | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| उदयपुर | ५ | खडईचो | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| उदयपुर | ६ | सानो उदयपुर | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| उदयपुर | ८ | बन्जरिया | ३ | घरमा आगजनी र घरका सामान लुटपाट । |
| बलरमवापुर | २ | बढे गाउँ | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| बलरामपुर | ४ | गोल्हीपुर | २ | घरमा आगजनी र घरका सामान लुटपाट |
| बलरामपुर | ९ | बलगाई | २ | घरमा आगजनी र घरका सामान लुटपाट |
| नन्दनगर | ९ | श्रीनगर | ८ | घरमा आगजनी र घरका सामान लुटपाट |
| नन्दनगर | ७ | बर्गहवा | ५ | घरमा आगजनी र घरका सामान लुटपाट |
| नन्दनगर | ५ | भुसडी | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| नन्दनगर | ८ | नेहिनिया | १ | घरमा आगजनी र घरका सामान लुटपाट |
| पतरीया | ४ | पतरीया | २ | घरमा आगजनी र घरका सामान लुटपाट |
| पतरीया | ७ | सोहसा | ८ | घरमा आगजनी र घरका सामान लुटपाट |

| गा.बि.स. | वडा नं | गाउँको नाम | आगजनी आगजनी गरीएको घर सख्या | बिवरण |
|---|---|---|---|---|
| बिठुवा | ४ | बिठुवा | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |
| हथिहवा | ९ | शिवलवा | ३ | घरमा आगजनी र घरका सामान लुटपाट |

**प्रतिकार समुहले गरेको हत्याको बिवरण :**

| क्र.स. | मृतकको नाम | ठेगाना | मृत्यु भएको स्थान | मृत्यु भएको मिति |
|---|---|---|---|---|
| 1= | राम चलित्र पासी | सिर्सिहवा-५ | | २०६११११६ |
| 2= | रामवली मौरी | सिर्सिहवा-४ | | |
| 3= | अवधराम केवट | सिर्सिहवा-५ | | |
| 4= | शिव कहार | सिर्सिहवा-१ | | |
| 5= | अक्तर अलि | तौलिहवा न. पा.-२ | | |
| 6= | शिवराम गुप्ता | सिर्सिहवा-२ | | |
| 7= | बाबुराम उपाध्याय | गणेशपुर-४ | | |
| 8= | गोबरे कोरी | भगवानपुर | | |
| 9= | पारु पासी | भगवानपुर | | |
| 10= | सोमई पासी | भगवानपुर | | |
| 11= | सुन्दर मौर्य | गणेशपुर-४ | | |
| 12= | दुःखीराम चमार | रामनगर-१ | | २०६११११७ |
| 13= | रामवरण बढई | पथ्थरदेहिया | | |
| 14= | फक्कड अहिर | खुरहुलीया | | |
| 15= | इनय लुल्ला मुसलमान | पथ्थरदेहिया | | |
| 16= | रमजान मुसलमान | सिर्सिहवा-९ | | २०६११११८ |
| 17= | विष्णुपन्थी | चनई-५ | | |
| 18= | थमबहादुर डाल मगर | | | |
| 19= | भिंकन यादव | | | |
| 20= | मछाडे भन्ने सकुर पासी | बरईपुर-९ | गाँउमा जिउदै जलाएको | २०६११११९ |
| 21= | रामवली पासी | बरईपुर-९ | | |
| 22= | अंगत अहिर | बरईपुर-९ | | |
| 23= | बेकारु पासी | बरईपुर-१ | | |
| 24= | तिलकराम भण्डारी | चनई-९ | | |
| 25= | प्रेम बहादुर रास्कोटी | शिवपुर-५, हल्लानगर | | |
| 26= | हसन नाउ | अजिगरा | | २०६१११११ |
| 27= | समुज पासी | अजिगरा | | |
| 28= | नाचन चौहान | हर्दौना | | |
| 29= | लौटु चौहान | हर्दौना | | |
| 30= | नेत्रलाल भट्टराई | नन्दनगर-९ | लवनी चोक/बजारमा | २०६१।११।१२ |
| 31= | सन्तराम पासी | बैदौलिया | | २०६१।११।१३ |

**माओवादी समुहले गरेको हत्याको बिवरण :**

| क्र.स. | मृतकको नाम | ठेगाना | मृत्यु भएको स्थान | मृत्यु भएको मिति |
|---|---|---|---|---|
| 1= | घर भरण तेली | लवनी-४, लवनी बजार | लवनी-४, लवनी बजार | २०६१।११।१४ |
| 2= | बैदुल्ला जोलाहा | जहदी-७, रेहरा | | २०६१।११।१५ |
| 3= | मक्सुद आलम | जहदी-७, रेहरा | | २०६१।११।१५ |
| 4= | हकिक धोवी | जहदी-६, पकडी | | २०६१।११।१५ |
| 5= | तौलेश्वर कुर्मी | जहदी-३, | | २०६१।११।१९ |
| 6= | गोपाल लम्साल | फतेरीया-७ सोहसा | | २०६१।११।२१ |
| 7= | फजलुर रहमान | विरपुर-५, कुदरवेटुवा | | २०६१।११।२३ |
| 8= | खालिद खाँ | विरपुर-५, कुदरवेटुवा | | २०६१।११।२३ |
| 9= | काशिराम लोनिया | बासखोर-८, वेलभरीया | | |
| 10= | सिताराम लोनिया | बासखोर-८, वेलभरीया | | |
| 11= | केशवराम अहिर | बासखोर-८, वेलभरीया | | |

## घटनाको स्थलगत अध्ययनबाट पाइएका तथ्यहरु

१ घटनाका तथ्यहरु बुझ्दा घटनाको शुरुवात गणेशपुर निवासी इन्द्र बहादुर भुजेल र दुखी तेलीलाई माओवादीले अपहरण गरी लगी सके पछि स्थानीय जनताहरुले निजहरुलाई अपहरण मुक्त गर्ने प्रयास गरे पश्चात भएको देखिन्छ ।

२ जिल्लाका विभिन्न क्षेत्रमा घटेका घटनाहरुको प्रकृति फरक फरक रहेको पाईयो । घटनामा लुटपाट, कुटपिट, आगजनी, हत्या र बलात्कार भएको पाईयो ।

३ मिति २०६१।११।६ बाट प्रतिकारमा उत्रिएको समुहले सिरसिहवा, गणेशपुर, बरईपुर,भगवानपुरमा माओबादीहरुको हत्या र स्थानीय बासिन्दाका घरहरुमा माओबादीहरुलाई सेल्टर दिएको आरोपमा आगजनी लुटपाट गर्दै मिति २०६१।११।९ गते श्रृंखलाबद्ध घटनाको सवै भन्दा ठुलो घटना शिवपुर गा.बि.स.को हल्लानगरमा आगजनी र लुटपाट गरेको पिडितहरुले बताए ।

४ कपिलबस्तु जिल्लाका ७७ गा.बि.स.हरु मध्ये हाल सम्ममा ४० वटा गा.बि.स. प्रभावित भएको पाईयो । प्रतिकार समूहद्वारा ३१ जना र माओवादीद्वारा ११ जनको हत्या गरीएको पाईयो । प्रतिकार समूहद्वारा बरईपुर गा.वि.स.मा ३ जनालाई जिउदै जलाईएको पाईयो ।

५ प्रतिकारमा उत्रिएका जनतालाई रोक्नु भन्दा व्यवस्थीत गर्न आवश्यक थियो भन्ने जवाफ प्रमुख जिल्ला अधिकारीले अध्ययन टोलीलाई बताए ।

६ घटनाको उठान गणेशपुर गा.बि.स.बाट भएको र त्यस ठाउँका जनता प्रत्यक्ष रुपमा माओबादीको प्रतिकारमा उभिएकाले उनीहरुको तत्कालिन सुरक्षाको स्थितिलाई ध्यानमा राखी अस्थायी सुरक्षा क्याम्प स्थापना गरेको देखियो ।

७ घटना पश्चात माओवादीले प्रतिकारमा उत्रिएको समुहमा रहेका व्यक्तिहरुलाई श्रृखलाबद्ध रुपमा मार्ने कार्य निरन्तर रुपमा गरीरहेको पाईयो ।

८ घटना पश्चात दशौं हजार मानिसहरु बिस्थापित भै भारतको सिमावर्ती क्षेत्रहरुमा जिवन बिताउन बाध्य भएका छन् ।

९ घटना भएको बिभिन्न ठाउँहरुमा घर भित्र राखिएका सामानहरु सुलिमा राखीएका मकै भकारीका धान लगायतका खाद्यान्न सामग्री, लत्ताकपडा भाडाकुडा समेत जलेकाले पिडीतहरु दयनिय अवस्थामा जिवन बिताउन बाध्य छन् । हालसम्म पिडीत पक्षले कुनै किसिमको उल्लेख्य राहत प्राप्त गर्न सकेको पाईएन ।

१० घटनाका पिडीतहरु त्रसित भै स्थलगत अध्ययन टोली समक्ष उनीहरुले सुरक्षाको प्रत्याभुतिका लागी पटक पटक अनुरोध गरेका थिए ।

११ पिडीत पक्षलाई तत्काल राहत उपलब्ध गराउन तथा पुन:स्थापना गर्न नसकीए उनीहरुमा बढ्दै गईरहेको आक्रोशले झनै ठुलो दुर्घटना निम्त्याउन सक्ने तथ्य पाईयो ।

१२. प्रभावित क्षेत्रमा रहेका स्कूलमा पढ्ने बिद्यार्थीको कापी किताव जलेको र निजहरु डरत्रासका कारण बिद्यालयमा पढ्न जान छाडेको पाईएको ।

१३ बढदै गरेका संृखलावद्ध घटनाहरुले प्रतिशोधको भावना बढाउदै लगी बिकराल रुप लिन सक्ने देखिन्छ ।

१४

१५. स्थानीय नागरिक समाजका प्रबुद्ध ब्यक्तिहरु यस घटना प्रति संबेदनशिल भएको पत्रकार महासंघका सभापति नारायण प्रसाद पौडेलले अध्ययन टोलीसंगको छलफलमा बताउनु भयो ।

१६ घरमा आगजनी भए पछि र प्रतिकार समुहले पिडीत पक्षको ओड्ने ओछ्याउने लुटेर लगेको र जलाई दिएको कारण चिसो भुईमा सुत्नु परेको र खानाको अभावमा बाँच्नु परेको स्थानीयबासीले बताए ।

१७ अध्ययन टोली संगको भेटमा प्रमुख जिल्ला अधिकारीले थुनिया र शिवपुर गा.बि.स.को हल्लानगरको बस्ती अवैधानिक भएकोले जग्गाको बैधानिकताकै प्रश्न उठेकाले राहतका सम्बन्धमा सरकारी नीति अफ्न सम्म बनिनसकेकोले यसको लागी रिपोर्ट गरेर केन्द्रमा पठाएको र केन्द्रबाट कुनै निर्देशन नआए सम्म सरकारी पक्षबाट केही गर्न नसकीने कुरा बताउनु भयो ।

१८. घटनाका पीडित र प्रभावित परिवारको विचल्ली अवस्था भएकोले तत्काल खाने, बस्ने समस्याको परिपुर्तिका लागि राहत उपलब्ध गराउनु पर्ने अवस्था देखिन्छ ।

१९ अहिले पीडितहरुले असुरक्षाको स्थिति भोगिरहेकाले उनीहरुको लागि तत्काल सुरक्षाको व्यबस्था गर्नु पर्ने देखिन्छ ।

२० अहिले पहाडिया र मधेशी तथा मुस्लिम र हिन्दु बीच साम्प्रदायीक द्वन्द्वको अवस्था श्रृजना भैरहेकोले तिनीहरुको बीच सामाजिक सद्भाव र सहिष्णुता कायम गर्नका लागि तत्काल कार्य गर्न आवश्यक देखिन्छ ।

२१. विस्थापित परिवारहरुको तत्काल पुर्नव्यवस्था र पुर्नवासका लागि तत्काल कार्य गर्नु पर्ने देखिएको ।

**अध्ययन टोलीले स्थलगत अध्ययनका क्रममा भोग्नु परेका चुनौतीहरु**

१ घटनाहरु प्रत्येक दिन नयाँ नयाँ रुपबाट घटेका कारण प्रत्येक घटना घटेका प्रत्येक स्थानमा पुगी घटनाको अध्ययन गर्न कठिनाई परेको ।

२ घटनाका बारेमा बुझ्न घटनास्थलमा जाँदा मानिसहरु बिस्थापित भै बाहिर गएका कारण तथ्यहरु संकलन गर्न कठिनाई भएको ।

३ घटनाको शुरुवात भएको कपिलबस्तु जिल्लाको गणेशपुर ईलाकामा अध्ययन टोली पुग्दा स्थानीय बासिन्दाले मानव अधिकारबादी भनेको माओबादी नै हुन् । विगतमा माओवादीले गरेका ज्यादतीको अध्ययन गर्न यिनीहरु आएनन् । अहिले २,४ जना माओबादी मार्दा मानव अधिकारबादीहरु देखा परेका छन् । यिनीहरुले सधै माओबादीको पक्षमा कुरा गर्दछन् । गाडीमा झण्डा नदेखिएको भए र सुरक्षा बेशक्याम्पमा नगएको भए गाडी देख्ने वित्तिकै तोडफोड गरी मान्छेहरुलाई मार्‍यौं भनी स्थानीय बासीले अध्ययन टोली माथी आक्रोस देखाए ।

४ ११ बर्षिय बालिका बलात्कृत भएको घटनाको घटना बिवरण बुझ्नका लागी घटनास्थल पिडीतको घर सम्म पुगी घटना बिवरण लिन त्यस घटनामा पिडकको रुपमा किटान गरीएका एक ब्यक्तिको सोही दिन राती (२०६१।११।२३ गते ) माओबादीले हत्या गरेको र त्यस क्षेत्रको अवस्था संबेदनसिल बनेका कारण भ्रमण टोली उक्त स्थानमा पुग्न नसकेको ।

५ घटनाको अनुगमन र यथार्थ बिवरण संकलन गर्नै क्रममा शिवपुर गा.बि.स.को हल्लानगरमा पुनः प्रतिकार समुहका ब्यक्तिहरु आए भनी हल्ला चले पछि त्यहाँका मानिसहरुमा रुवाबासी शुरु भएको र अध्ययन टोलीलाई घटना बिवरण संकलन गर्न बाधा परेको ।

६ अध्ययन टोली स्थलगत अध्ययनको क्रममा रहेकै अवस्थामा चनौटा देखि दक्षिण पश्चिममा रहेको बिरपुर गाविस वडा नं.५ कुदरवेटुवा मा मिति २०६१।११।२३ गते राति माओवादीको आक्रमणबाट हत्या गरिएका २ जना र आगजनी समेतको क्षतिको विवरण लिन अध्ययन टोली सोही २४ गतेका दिन स्थानीय सिराज खान र शरद समाज कपिलवस्तुका उमेश पौडेललाई लिई घटना स्थल पुगी विवरण लिन प्रयास गर्दा त्यहाँ उपस्थित मानिसहरु नेपालका मानव अधिकारवादी सबै माओवादीसँग मिलेका छन् भन्दै आक्रोसित

भए । स्थानीय व्यक्ति सिराज खानको सहयोगबाट अध्ययन टोली माथि हुने सम्भावित खतराबाट जोगिन सफल भएको ।

**घटनाबाट उल्लंघन भएका अधिकारहरु**

१. मानव अधिकारका अर्न्तराष्ट्रिय संयन्त्रहरुले प्रदान गरेका विभिन्न मानव अधिकारको माओवादी र प्रतिकार समुह दुबै पक्षद्वारा व्यापक रुपमा उल्लंघन भएको देखिएको ।

२. विशेष गरी बाँच्न पाउने अधिकारको पुर्ण रुपमा हनन् भएको ।

३. खान पाउने अधिकार र बासको अधिकार, सुरक्षाको अधिकारको हनन् भएको ।

४. सम्पत्तिको अधिकारको हनन् भएको ।

## अनुसुची -१

शिवपुर गाविस हल्लानगरमा मिति २०६१।११।९ गते आगलागिबाट प्रभावित भएका घर र परिवार संख्या विवरण

| क्र. स. | घरमूलिको नाम | परिवार संख्या | क्र.स. | घरमूलिको नाम | परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | साङले | ३ | २ | नर वहादुर कामी | ३ |
| ३ | केशव परियार | ७ | ४ | ढाल बहादुर मगर | ५ |
| ५ | हरि प्रसाद चौधरी | ६ | ६ | टेकमान पुन | ६ |
| ७ | तिलकराम थारु | १२ | ८ | साङले रोका | ७ |
| ९ | गिमाने घर्ती | ३ | १० | देव बहादुर बुढा | ६ |
| ११ | भक्कु घर्ती | ९ | १२ | लाल बहादुर पुन | ८ |
| १३ | तिलक | ९ | १४ | दल बहादुर बुण | ७ |
| १५ | नन्द बहादुर घले मगर | ७ | १६ | भिम बहादुर सामै | ७ |
| १७ | रिम बहादुर सुनार | ५ | १८ | रुकमान कुमाल | ६ |
| १९ | टेके कामी | ८ | २० | श्यामलाल चौधरी | ३ |
| २१ | शिवलाल | १ | २२ | जित बहादुर | ५ |
| २३ | खिम बहादुर थापा | ६ | २४ | सुनमाया पुन | २ |
| २५ | दुर्गा खनाल | ४ | २६ | बुद्धिराम पुन | ५ |
| २७ | लाल बहादुर गुरुङ्ग | ५ | २८ | मान सिंह घर्ति | ३ |
| २९ | जित बहादुर घले मगर | ५ | ३० | छबिलाल बिष्ट | ९ |
| ३१ | चन्द्र बहादुर बि.क. | ६ | ३२ | देव बहादुर बुढा | ४ |
| ३३ | दल बहादुर बुढा | १० | ३४ | बम बहादुर बि.क. | ५ |
| ३५ | दुज्या घर्ती | ६ | ३६ | पुरन बहादुर रोकाय | ९ |
| ३७ | रने पुन | ३ | ३८ | रमेश थापा | ७ |
| ३९ | किशोर थापा | ४ | ४० | कृष्ण बहादुर थापा | ६ |
| ४१ | गोठे बुढा | ४ | ४२ | कुले पुन | ४ |
| ४३ | कामिनी घर्ती | ५ | ४४ | हरीराम कोरी | ६ |
| ४५ | राखम घर्ति | ४ | ४६ | गोबद्धन अहीर | २२ |
| ४७ | गोपिलाल चौधरी | ६ | ४८ | गोपाल चौधरी | ७ |
| ४९ | रामनारायण चौधरी | ९ | ५० | शिवचरण चौधरी | ९ |
| ५१ | तेमन घर्ती मगर | ८ | ५२ | जित प्रसाद चौधरी | ९ |
| ५३ | दल बहादुर मगर | ८ | ५४ | टेक बहादुर बुढा | ८ |
| ५५ | सुर्य घर्ति | ५ | ५६ | तिरमान बुढा | ५ |
| ५७ | पिता घर्ति | ४ | ५८ | सुकमान घर्ती | ४ |
| ५९ | खन बुढामगर | ४ | ६० | राम समुझ अहिर | ८ |
| ६१ | दिल बहादुर पुन | ४ | ६२ | लाल बहादुर परीयार | १५ |
| ६३ | हरीहर जंग सिंह | ३ | ६४ | ओम प्रकाश चौधरी | १२ |
| ६५ | बिर बहादुर पुन | ३ | ६६ | बम बहादुर खत्री | ७ |
| ६७ | जान सिंह घर्ती | ६ | ६८ | मिन बहादुर रोका | ४ |
| ६९ | तिल बहादुर पुन | ५ | ७० | बम बहादुर बि.क. | ४ |
| ७१ | भिम बहादुर रोका | ७ | ७२ | धन बहादुर बि.क. | ४ |
| ७३ | बिरमान बि.क. | १० | ७४ | लाली बि.क. | १० |
| ७५ | नरेन्द्र घर्ती | ६ | ७६ | राजेन्द्र कहार | ६ |
| ७७ | खिम बहादुर सोमै | ९ | ७८ | कुलमान बिष्ट | ५ |

| क्र. स. | घरमूलिको नाम | परिवार संख्या | क्र.स. | घरमूलिको नाम | परिवार संख्या |
|---|---|---|---|---|---|
| ७९ | फर्स बहादुर थापा | ८ | ८० | हरी बहादुर गुरुङ्ग | ६ |
| ८१ | गिरीराज भुषाल | ४ | ८२ | पिताम्वर पल्ली | ३ |
| ८३ | मनविर बुढामगर | ५ | ८४ | लाल बहादुर घर्ती | ६ |
| ८५ | पिताम्बर राना | ७ | ८६ | दिल बहादुर घर्ती | ९ |
| ८७ | पुमाला घर्ती | ६ | ८८ | रस बहादुर मगर | ६ |
| ८९ | बाघविर घर्ती | ४ | ९० | मेघमान घर्ती | ५ |
| ९१ | काले कुमाल | ५ | ९२ | बीर बहादुर पुन | ७ |
| ९३ | दिलमाया बुढामगर | ४ | ९४ | देब प्रसाद घर्तीमगर | ४ |
| ९५ | नगेश्वर चौधरी | ६ | ९६ | प्रति लाल बुढा | ७ |
| ९७ | धनमती घर्ती | ५ | ९८ | दिल बहादुर जि.सी. | ६ |
| ९९ | तेजमा रोका | ५ | १०० | मसमाला गुरुङ्ग | ६ |
| १०१ | खनी विर वि.क. | १० | १०२ | पदम बहादुर वि.क. | ७ |
| १०३ | गोमती मगर | ५ | १०४ | दुर्गाराज कसाई | ७ |
| १०५ | रामलाल बोहरा | २ | १०६ | कर्णमान वि. क. | ६ |
| १०७ | खगेन्द्र वि.क. | ५ | १०८ | विर बहादुर वि.क. | ९ |
| १०९ | बल बहादुर पुन | ५ | ११० | पम्फा कुमाल | १० |
| १११ | देउमली वि.क. | ६ | ११२ | चन्द्र बहादुर वि.क. | ३ |
| ११३ | राम बहादुर पुन | ४ | ११४ | देविराम अर्याल | ८ |
| ११५ | विष्णु कुमाल | ५ | ११६ | चितुवा चौधरी | ३ |
| ११७ | बुद्धराम कुमाल | ६ | ११८ | रोम बहादुर राजकोटी | १ |
| ११९ | टेक बहादुर घले मगर | ८ | १२० | रजमान परियार | ८ |
| १२१ | लक्ष्मी काफ्ले | १० | १२२ | मन बहादुर परियार | ४ |
| १२३ | मान सिंह वि.क. | १२ | १२४ | सावी मगर | २ |
| १२५ | राम बहादुर घलेमगर | ९ | १२६ | सुकई थारु | ४ |
| १२७ | बाबुराम थारु | ५ | १२८ | प्रताप पुन | ४ |
| १२९ | खनी राना | ७ | १३० | दल बहादुर वि.क. | ७ |
| १३१ | बरखु राम थारु | ५ | १३२ | रुन्चे घर्ती मगर | ५ |
| १३३ | बलीराम चौधरी | ६ | १३४ | धन बहादुर सेन | ४ |
| १३५ | रमेश मल्ल | ४ | १३६ | हर्क बहादुर पुन | २ |
| १३७ | सिंह बहादुर नाउ | ७ | १३८ | युवराज घर्ती | ६ |
| १३९ | नले रोका मगर | ८ | १४० | शेर बहादुर बुढाथोकी | ४ |
| १४१ | शम्सेर पुन | ५ | १४२ | सेमहू चौधरी | १५ |
| १४३ | चित्काल चौधरी | ६ | १४४ | मसल चौधरी | ११ |
| १४५ | राम बहादुर सुनार | ४ | १४६ | धर्म घर्ती मगर | ८ |
| १४७ | रिख बहादुर गाहा | ५ | १४८ | जित बहादुर खाम्चा | १० |
| १४९ | खिम बहादुर दमै | १० | १५० | मंगल सिंह परियार | ५ |
| १५१ | रामु परियार | २ | १५२ | कृष्ण परियार | ७ |
| १५३ | मलकला वि. क. | ४ | १५४ | खड्क बहादुर परियार | ५ |
| १५५ | कणृ सिंह वि. क. | ९ | १५६ | सुमित्रा परियार | १ |
| १५७ | जंग बहादुर बमेली | १३ | १५८ | रण बहादुर पुन | ७ |
| १५९ | मान सिंह बुढा | ७ | १६० | टिकाराम छहारी | ८ |
| १६१ | पुनी घर्ती | ४ | १६२ | गोपाल चौधरी | २ |
| १६३ | श्याम बहादुर सुनार | ११ | १६४ | दिल कहादुर नेपाली | ५ |
| १६५ | राम कृष्ण परियार | ७ | १६६ | गोपाल बि. क. | ६ |
| १६७ | गोपी कुवर | २ | १६८ | रैनु थारु | ५ |

| क्र. स. | घरमूलिको नाम | परिवार संख्या | क्र.स. | घरमूलिको नाम | परिवार संख्या |
|---|---|---|---|---|---|
| १६९ | रहिस सि.ह थापा | ५ | १७० | दिल पुरा भ. म. | २ |
| १७१ | फागुनी पुन | ६ | १७२ | मान सि.ह वि. क. | ५ |
| १७३ | गिता गुरुड. | ५ | १७४ | जुक्त बहादुर बि. क. | ६ |
| १७५ | हरिराम वि. क. | ४ | १७६ | वेली कुमारी थापा | ८ |
| १७७ | भिम बहादुर गुरुड. | ५ | १७८ | सावर नेपाली | ५ |
| १७९ | जित बहादुर घले मगर | ४ | १८० | यमकला उपाध्याय | ३ |
| १८१ | तेज बहादुर बुढा | ५ | १८२ | मंगली खड्का | ४ |
| १८३ | रेमी विष्ठ | ६ | १८४ | मन बहादुर पुन | ७ |
| १८५ | टंक बहादुर परियार | ४ | १८६ | जिवलाल सुनार | ८ |
| १८७ | चन्द्र बहादुर खड्का | ५ | १८८ | बल बहादुर सुनार | ४ |
| १८९ | हरि बहादुर वि. क. | ४ | १९० | लेक बहादुर वि. क. | ४ |
| १९१ | विष्णु थापा | ५ | १९२ | खुमान सिंह दमाई | ६ |
| १९३ | झम कुमारी ठकुरी | १ | १९४ | हरी बहादुर थापा | २ |
| १९५ | बुद्ध बहादुर नेपाली | ५ | १९६ | दिल कुमारी थापा | २ |
| १९७ | मने बुढा मगर | ७ | १९८ | मन बुझावन थारु | १ |
| १९९ | दिल बहादुर वि.क. | ६ | २०० | टेक बहादुर | ६ |
| २०१ | बल बहादुर कुमाल | ५ | २०२ | यमकला पुन | ३ |
| २०३ | ओम बहादुर खत्री | ४ | २०४ | यमबहादुर वि.क. | ५ |
| २०५ | सच्चि कुमाल | ३ | २०६ | बम बहादुर घर्ती | ६ |
| २०७ | सरुमा पुन | ५ | २०८ | खेमराज थापा | २ |
| २०९ | तन बहादुर पुन | ६ | २१० | तिल कुमारी सारु | ३ |
| २११ | दान बहादुर पुन | ४ | २१२ | लक्ष्मी खत्री | १ |
| २१३ | बाने सुनार | ६ | २१४ | ईमान सिंह बुढा | ६ |
| २१५ | गोऱ्यो बुढा | ३ | २१६ | जगराम घर्ती | ३ |
| २१७ | कुलमान घर्ती | ४ | २१८ | घर्म बहादुर घर्ती | ५ |
| २१९ | भक्त बहादुर घर्ती | ५ | २२० | सन्ध्या घ.म. | ५ |
| २२१ | कमान सिंह बुढा | ४ | २२२ | सुक्मती वि.क. | ३ |
| २२३ | कुन्ज बहादुर मगर | ३ | २२४ | सावित्रा वि.क. | ३ |
| २२५ | पुरमाला वि.क. | ६ | २२६ | जुनू कुमारी वि.क. | ५ |
| २२७ | धनमाया चौधरी | ४ | २२८ | पुग्क्त बहादुर घर्ती | ६ |
| २२९ | जमुना वि.क. | ३ | २३० | तग्मन पुन | ५ |
| २३१ | रविलाल राना | ८ | २३२ | चित्र बहादुर कामी | ५ |
| २३३ | दल सुरा दमाई | ४ | २३४ | रन बहादुर बुढा | ६ |
| २३५ | जयमान घ.म. | ४ | २३६ | बर्खुराम थारु | ४ |
| २३७ | श्रीराम थारु | ८ | २३८ | मन बहादुर बुढा | २ |
| २३९ | सुरेन्द्र बहादुर कुमाल | ३ | २४० | मनिराम कुमाल | ११ |
| २४१ | छलि कुवर | ५ | २४२ | पुर्णबासी चौधरी | १५ |
| २४३ | मंगल बहादुर कुमाल | ३ | २४४ | टेक बहादुर घर्ती | ५ |
| २४५ | सरीता राना | ६ | २४६ | डोर बहादुर वि.क. | ४ |
| २४७ | द्रोपती वि.क. | २ | २४८ | राम अवतार चोधरी | ३ |
| २४९ | मगीराम थारु | ७ | २५० | धन घर्ती | ७ |
| २५१ | टेक बहादुर कनौजे | ११ | २५२ | यम बहादुर पल्ली | ४ |
| २५३ | मनिकराम थारु | ६ | २५४ | भुपथ कुमाल | ६ |
| २५५ | कुल बहादुर कुमाल | ५ | २५६ | तुल्सीराम थारु | ९ |
| २५७ | हरीलाल थारु | ३ | २५८ | खल्जीत दमाई | ६ |

| क्र. स. | घरमूलिको नाम | परिवार संख्या | क्र.स. | घरमूलिको नाम | परिवार संख्या |
|---|---|---|---|---|---|
| २५९ | लोक बहादुर मल्ल | ७ | २६० | प्रेम बहादुर परियार | ८ |
| २६१ | नर बहादुर कुमाल | ३ | २६२ | राजकुमार सिंह | ४ |
| २६३ | गामा बुढा | २ | २६४ | धनसेन | ४ |
| २६५ | रुद्र बहादुर परियार | ६ | २६६ | खडग बहादुर बुढा | ४ |
| २६७ | रंगे पुन | ४ | २६८ | लालबहादुर परियार | २ |
| २६९ | फर्स सुनार | ५ | २७० | चौथे घर्ती | ४ |
| २७१ | मान सिंह घर्ति | ३ | २७२ | धनेश्वर सिरीस | २ |
| २७३ | बेल बहादुर सिरीस | २ | २७४ | देवमान घर्ती | ९ |
| २७५ | भर्जे घर्ती मगर | ७ | २७६ | चिम्मन प्रसाद पुन | ६ |
| २७७ | भिक पुन | १ | २७८ | गोबर घर्ती | ३ |
| २७९ | शिव प्रसाद चौधरी | ७ | २८० | झिंकन कोरी | ७ |
| २८१ | चन्द्र बहादुर बुढा | ५ | २८२ | हस्तराम वि.क. | ९ |
| २८३ | दरोगा चौधरी | १२ | २८४ | झुपा परियार | १ |
| २८५ | जंग बहादुर पुन | ५ | २८६ | डोर बहादुर कार्की | ५ |
| २८७ | हर्क मान पुन | ४ | २८८ | दिल माया रोका | ४ |
| २८९ | हुम बहादुर थापा | ९ | २९० | राम बहादुर सिरीस | ६ |
| २९१ | यम बहादुर वि.क. | ४ | २९२ | बेल प्रसाद थापा | ८ |
| २९३ | सुर्य बहादुर गाहा | ६ | २९४ | मो. ईसुफ | २ |
| २९५ | मन बहादुर परियार | ४ | २९६ | रन बहादुर बुढा | ७ |
| २९७ | ओम प्रसाद रोका | ३ | २९८ | रुद्र दमाई | ३ |
| २९९ | बल बहादुर कुमाल | ५ | ३०० | मनमति पुन | २ |
| ३०१ | अस्तिरा पुन | ३ | ३०२ | मंगले | ७ |
| ३०३ | गम्भीर पुन | ७ | ३०४ | चिन्नुद चौधरी | ५ |
| ३०५ | गोर्वधन पुन | ६ | ३०६ | बारु चौधरी | ८ |

अनुसुचि- २

<u>मिति २०६१।११।६ गते देखि २५ गते सम्ममा कपिलवस्तु जिल्लाका प्रभावित गा. वि. स.हरु</u>

| | | | |
|---|---|---|---|
| • हथिहवा | • विठुवा | • लबनी | • नन्दनगर |
| • पतरिया | • पिपरा | • जहदी | • गौरी |
| • प्रसोहिया | • बेदौली | • सोमडिया | • हरदौंना |
| • धनकौंली | • बुद्धी | • राजपुर | • महुवा |
| • बलरामपुर | • महाराजगंज | • सिसवा | • अजगरा |
| • भलवादी | • बरइपुर | • कुशहवा | • थुनीया |
| • चनइ | • लालपुर | • मानपुर | • बहादुरगंज |
| • विष्णुपुर | • पथ्डीया | • उदयपुर | • कृष्णनगर |
| • सिर्सीहवा | • खुदरिया | • गणेशपुर | • शिवपुर |
| • बिरपुर | • वांसखोर | • गुगौली | • फुलीका |